"सहकारी संघ/संस्थाहरुको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता SAHAKARITA

(त्रैमासिक) Quarterly

वर्ष ५, अंक ८, कार्तिक-पुस, २०७३ www.ncbl.coop (December 2016 - Febuary 2017)

## सहकारी क्षेत्रको उत्कृष्ट करदाता: राष्ट्रिय सहकारी बैंक

*काठमाडौं,*

आन्तरिक राजस्व विभागले सहकारी क्षेत्रको उत्कृष्ट करदाताका रुपमा राष्ट्रिय सहकारी बैंक लिमिटेडलाई सम्मान गरेको छ ।

पाँचौ राष्ट्रिय कर दिवसका अवसरमा ०७३ मंसिर १ गते काठमाडौंमा आयोजित कर दिवस समारोहमा सहकारी बैंकलाई सहकारी क्षेत्रको तर्फबाट सबै भन्दा बढी आयकर तिर्ने संस्थाको रुपमा सम्मान गरिएको हो ।

कार्यक्रमका प्रमुख अतिथि अर्थमन्त्री कृष्णबहादुर महराले बैंकका प्रवन्ध सञ्चालक के.बी. उप्रेतीलाई सम्मान पत्र प्रदान गर्नु भएको थियो ।

>> बाँकी पृष्ठ १२




### राष्ट्रिय सहकारी बैंक लिमिटेड चौध वर्षमा प्रवेश

## समाजवाद उन्मुख अर्थतन्त्रका लागि सहकारीको भूमिका प्रभावकारी बनाउनु पर्नेमा जोड




*काठमाडौं,*

अर्थमन्त्री विष्णुप्रसाद पौडेलले संविधानले अंगिकार गरेको समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि सहकारी क्षेत्रको भूमिका बढाउनु पर्नेमा जोड दिनु भएको छ। राष्ट्रिय सहकारी बैंक लिमिटेडको १४ औं स्थापना दिवसका अवसरमा ०७२ असार २५ गते आयोजित

>> बाँकी पृष्ठ २०

### आइसीए एपीको सञ्चालकमा बडाल



नेपालको सहकारी अभियानको शिर्षस्थ निकाय राष्ट्रिय सहकारी संघ लिमिटेडका अध्यक्ष तथा राष्ट्रिय सहकारी बैंक लिमिटेडका सल्लाहकार केशव प्रसाद बडाल अन्तर्राष्ट्रिय सहकारी महासंघ एशिया प्रशान्त क्षेत्रको सञ्चालकमा सर्वसम्मत निर्वाचित हुनु भएको छ ।

महासंघको नोभेम्बर १८ गते भारतमा सम्पन्न सभाबाट बडाल सर्वसम्मत सञ्चालकमा निर्वाचित हुनु भएको हो । नेपालको सहकारी अभियानको तर्फबाट अन्तर्राष्ट्रिय सहकारी महासंघको सञ्चालकमा चयन भएपछि प्रतिक्रिया दिदै बडालले नेपालका सम्पूर्ण सहकारीकर्मीहरुको जीतका रुपमा लिएको बताउनुभयो ।

>> बाँकी पृष्ठ १७

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

**सहकारिता**

**सल्लाहकारः**
रमेशप्रसाद पोखरेल
के.बी. उप्रेती
कुलचन्द्र अधिकारी

**सूचना, सञ्चार तथा प्रकाशन उप-समितिः**
संयोजकः
रामबहादुर जि.सी.
सदस्यहरुः
विन्देश्वर श्रेष्ठ, महेन्द्र गिरी, डिल्ली पोखरेल

**सहयोगीः**
सरिता लामिछाने, नविन पौडेल

**ठेगानाः**
राष्ट्रिय सहकारी बैंक लिमिटेड
केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुर
फोनः ०१-५१८०१८३
फ्याक्सः +९७७-०१-५५५५६८७
Email: publication@ncbl.coop,
ncbl@ncbl.coop
Website: www.ncbl.coop

**मुद्रणः**
Triumph Media Pvt. Ltd.
Nayabazar, Ktm, T: 4389321
www.triumphmedianepal.com

# सहकारी ऐनः सहकारीमैत्री बन्नुपर्छ

२०४८ सालमा बनेको सहकारी ऐन परिमार्जनको संघारमा छ । करिव ८ सय सहकारी संघ संस्था रहेको समयमा बनेको सहकारी ऐनले अहिले करिव ३४ हजारको संख्यामा रहेको सहकारीलाई थामिरहेको अवस्था छ। ऐन समयानुकुल नहुदाँ सहकारी क्षेत्रमा समस्याहरु देखिएका छन् । सहकारीलाई नियमन तथा प्रवर्द्धन गर्ने विषयमा ऐन सहकारीमैत्री हुन आवश्यक छ । राज्यले अवलम्बन गरेको तीन खम्बे अर्थनीति अनुसार सहकारी क्षेत्रलाई आर्थिक तथा सामाजिक रुपान्तरणमा ३३ प्रतिशत सहभागिता जनाउनेतर्फ अग्रसर गराउनका लागि ऐन सहयोगी बन्न आवश्यक छ। सबैभन्दा पहिला ऐनका विषयमा राज्य र अभियान बीच समन्वयकारी भूमिका बनाउदै आर्थिक विकासमा सहकारीको योगदान बढाउने तर्फ केन्द्रीत गराउनु पर्छ। सहकारीका अन्तर्राष्ट्रिय मूल्य मान्यता तथा हाम्रो देशको अवस्था अनुसारको ऐन निर्माण गर्नका लागि सबैका बीच समन्वय जरुरी छ ।

ऐन निर्माणसंगै अनुकुल नियमावली र कानुन बनाएर सहकारी क्षेत्रमा देखिएका कमी कमजोरी सुधार गर्नुका साथै यसको प्रवर्द्धनलाई प्रभावकारी बनाउन सकियो भने मात्रै सहकारीलाई आर्थिक विकास र सामाजिक रुपान्तरणको महत्वपूर्ण हिस्सा बनाउन सकिन्छ । सहकारीलाई संकुचित होइन प्रवर्द्धन गर्न तथा सहकारी क्षेत्रमा देखिएका समस्या समाधानका लागि ऐन सहयोगी बन्नुपर्छ ।

## क्षेत्रीय सहकारी पत्रकारिता पुरस्कार जि.सी.लाई

पोखरा,

पोखरा रोयल सहकारी संस्था लिमिटेड कास्कीले स्थापना गरेको रोयल क्षेत्रीय सहकारी पत्रकारिता पुरस्कार २०७२ बाट बागलुङका पत्रकार रामबहादुर जि.सी. पुरस्कृत हुनु भएको छ। जि.सी. राष्ट्रिय सहकारी बैंक लिमिटेडका संचालक हुनुहुन्छ ।

पत्रकारिताको माध्यमबाट सहकारी क्षेत्रको विकासमा पुऱ्याएको योगदानको कदर गर्दै जिसीलाई रोयल क्षेत्रीय सहकारी पत्रकारिता पुरस्कार प्रदान गरिएको संस्थका सचिव भिम गुरुङले



जानकारी दिनुभयो ।

पोखरा रोयल सहकारीको ०७३ भदौं २५ गते आयोजित १५ औं वार्षिक साधारणसभामा प्रमुख अतिथि राष्ट्रिय सहकारी संघका सञ्चालक प्रभा कोइराला र संस्थाका अध्यक्ष मेजर तुलसीप्रसाद गुरुङले जिसीलाई नगद तथा सम्मान पत्र सहित पुरस्कृत गर्नु भएको थियो ।

प्रत्येक वर्ष पश्चिमाञ्चल विकास क्षेत्रमा रहेर सहकारी क्षेत्रको प्रवर्द्धनमा उत्कृष्ट योगदान गर्ने एक जना पत्रकारलाई प्रदान गरिने उक्त पुरस्कारको राशी नगद ५ हजार ५ सय ५५ र सम्मान पत्र रहेको छ ।

२ दशक देखि बागलुङमा रहेर पत्रकारिता र सहकारी क्षेत्रको प्रवर्द्धनमा सक्रिय जिसी नेपाल पत्रकार महासंघ बागलुङ शाखाको अध्यक्ष र जिल्ला सहकारी संघ लिमिटेड बागलुङको समेत निवर्तमान अध्यक्ष रहेर पत्रकारिता र सहकारीता क्षेत्रमा योगदान गर्दै आउनु भएको छ ।

## बैंकका संचालक भट्टराई सम्मानित

झापा,



राष्ट्रिय सहकारी बैंक लिमिटेडका संचालक सरिता भट्टराई झापाको दमकमा रहेको मेची सहकारी संस्था लिमिटेडद्वारा सम्मानित हुनुभएको छ । मेची सहकारीले सहकारी अभियानको विकास र विस्तारमा सहकारी अभियन्तालाई प्रशिक्षित गराउने तथा लेख, रचना प्रकाशन गरि लामो समयदेखि पुऱ्याएको योगदानको उच्चकदर गर्दै "स्वर्गीय गणेश प्रसाद बस्नेत उत्कृष्ट सहकारी अभियन्ता पुरस्कार" द्वारा भट्टराईलाई सम्मानित गरेको हो ।

संस्थाको २० औं बार्षिक उत्सव तथा २२ औं साधारणसभाको अवसरमा ०७३ भदौ १२ गते आयोजित कार्यक्रममा राष्ट्रिय सहकारी संघका अध्यक्ष केशव प्रसाद बडाल, राष्ट्रिय सहकारी बैंकका अध्यक्ष रमेशप्रसाद पोखरेल लगायतले दोसल्ला ओढाएर सम्मानपत्र र बिस हजार रुपैया नगद सहित सम्मानित गर्नुभएको थियो ।

# गरिबी निवारणमा राष्ट्रिय सहकारी बैंकको भूमिका

*समाजमा रहेका विपन्न वर्गका मानिसको आय आर्जनमा वृद्धि गरी आर्थिक रुपान्तरणका लागि विश्वका सबै देशमा सहकारी एक प्रभावकारी माध्यम भएको छ । यूरोपको बेलायतबाट शुरु भइ फ्रान्स, जर्मनी जस्ता देशहरुमा औद्योगिक क्रान्ति र नयाँ नयाँ आविस्कारपछि बेरोजगार बनेकाहरुको साहारा बनेको सहकारी विस्तारै फैलदै गएर हाम्रो नेपाल जस्ता देशहरु पनि सहकारीलाई आय स्रोतको मुख्य आधार बनाउदै अगाडि बढी रहेका छन् । अठारौ शताब्दीको मध्यकालमा औद्योगिक क्रान्तिले घरेलु तथा साना उद्योगलाई विस्थापित गर्न थालेपछि उत्पन्न बेरोजगारी समस्या समाधान गर्ने उदेश्यले बेलायतमा रोचडेली पायोनियरहरुले उपभोक्ता सहकारीको स्थापना गरेर आफ्ना समस्या आपसमा मिलेर आफै हल गर्न खोजेको सहकारीको इतिहासमा पाइन्छ ।*



**रामबहादुर जि.सी.**
**सञ्चालक**
**राष्ट्रिय सहकारी बैंक लिमिटेड**

## सहकारी के हो ?

सहकारीलाई धेरैले धेरै तरिकाले व्याख्या विश्लेषण गरे पनि सहकारी भनेको सारमा मिलेर काम गर्ने नै हो । आफ्ना साझा आवश्यकता पुरा गर्न वा साझा उदेश्य भएका व्यक्तिहरुले सामुहिक प्रयत्न र प्रत्यक्ष सहभागिताबाट उदेश्य प्राप्त गर्न बनाइएको संगठन सहकारी हो । समाजशास्त्रीले सहकारीलाई **सामाजिक आर्थिक आन्दोलनका रुपमा** लिएका छन् भने अर्थशास्त्रीहरुले **मध्यस्थहरुले शोषण गर्ने संभावना नहुने व्यवसायिक संगठन** का रुपमा परिभाषित गर्दछन् । मार्क्सवादीहरु **समाज निर्माणको जग सहकारी हो** भन्छन् भने समाजवादीहरु **सहकारीलाई वर्ग संघर्ष बिना नै शोषणलाई समाप्त पार्न सकिने** तर्क पेश गर्छन । कानुनविदहरु सहकारी **कानुनी अधिकारको अभ्यास गर्ने थलो**को रुपमा लिन्छन् । जसले जे जसरी सहकारीको व्याख्या र विश्लेषण गरेपनि यो क्षेत्र आम जनताको जीवन स्तर उकास्नका लागि आवश्यक र महत्वपूर्ण माध्यम हो र यो कुरा विस्तारै प्रमाणित हुदै पनि आएको छ ।

सहकारीको छाता संगठन अन्तर्राष्ट्रिय सहकारी महासंघको १९९५ मा बेलायतको म्यानचेष्टरमा आयोजित शतवार्षिकी समारोहमा महासभाले **सहकारिता संयुक्त स्वामित्व र प्रजातान्त्रिक नियन्त्रणयुक्त व्यवसाय मार्फत साझा आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता र आकांक्षा पूर्ति गर्न संगठित भएका व्यक्तिहरुको स्वायत्त संस्था हो** भनेको छ ।

## सहकारीको भूमिका कसरी बढाउने ?

नेपालको सन्दर्भमा सहकारीको भूमिका अग्रस्थानमा छ, जनतासंग भएको श्रम, सीप, पूँजि र क्षमतालाई एकत्रित गरेर मुलुक निर्माणमा सहकारीको योगदान प्रभावकारी बन्न सक्छ । त्यसका लागि देहाय अनुसार गर्न जरुरी छ ।

- सहकारी उद्योग व्यवसाय स्थापना, संचालन र स्वच्छ वातावरण मैत्री बनाउन- सहकारी मैत्री क्षेत्रगत नीति तथा कानुनहरूमा परिमार्जन आवश्यक छ ।
- स्थानीय पूँजी, श्रम, सीप र साधनको परिचालन- कृषि उत्पादन, भण्डारण, प्रशोधन, बजारीकरण र कृषि सामाग्रीको आपूर्तितर्फ केन्द्रीत गर्नु पर्छ ।
- महिला, गरीव, सिमान्तकृत, अपाङ्गता भएका, भूमिहिन तथा पीछडिएका वर्ग र श्रमिकहरूका साथै आम नागरिकहरूको जीवनस्तर उठाउने खालका कार्यक्रम बनाउनु पर्छ ।
- लैङ्गिक दृष्टिकोणले पछि परेका, विपन्न परिवारलाई सहकारीमा आवद्ध गराउने, क्षमता विकास, उद्योगमा व्यवसाय संचालन गर्न वीउ पूँजीको व्यवस्था, सहुलियतपूर्ण ऋण तथा अनुदानको लागि पहल गर्नु पर्दछ ।
- नेतृत्व विकास, लैङ्गिक समानता र समावेशी अवधारणाको विकास गर्नु पर्दछ ।
- अनौपचारिक समूहलाई सहकारीमा रूपान्तरण गर्नु पर्दछ ।
- व्यवसायिक तथा सीपमूलक तालिम- उद्योग व्यवसाय संचालन गर्न प्रोत्सौहन- पूँजीगत अनुदानका लागि पहल गर्नु पर्दछ ।
- सहकारी प्रवद्धित उद्योग व्यवसायको विकास तथा विस्तार गर्दै सहकारी क्षेत्रलाई प्रभावकारी, प्रतिस्पर्धी एवं गुणस्तरीय बनाउनु पर्दछ ।
- आर्थिक क्षेत्रलाई सक्षम बनाउन सहकारी उद्योग व्यवसायको विस्तार, विविधीकरण, प्रतिस्पर्धि बनाउन, विभेदकारी व्यवस्थाको अन्त्य गर्नु पर्दछ ।
- क्षमता अभिवृद्धिमा सहयोग, उपयुक्त कर प्रणालीको विकास, सूचना प्रविधिको उपयोग, सम्भावनाका नयाँ क्षेत्रको पहिचान गर्नु पर्दछ ।

## राष्ट्र निर्माणमा सहकारी बैंकको भूमिका

सहकारीले राज्यको आर्थिक सामाजिक विकासमा धेरै कोणबाट योगदान गरेको छ । सहकारी क्षेत्रलाई सबल सक्षम र प्रभावकारी बनाएर मुलुकको आर्थिक सामाजिक र सांस्कृतिक विकास गर्न सकिन्छ। त्यसका लागि सहकारीको संरचना, नीति र कार्यशैलीमा सुधार आवश्यक छ । हाल भएका संरचनाहरु मध्ये कुन निकायले के गर्दा आर्थिक उन्नती गर्न सकिन्छ भन्ने विषयलाई ध्यान दिएर सोही अनुसार अगाडि बढ्न सक्नु नै आजको आवश्यकता हो ।

मुलुकको सहकारी अभियानमा आफ्नो भूमिका स्थापित गर्दै र सहकारी संघ संस्थाहरु मर्फत सामाजिक विकासमा शसक्त रुपमा अगाडि बढेको संस्थाका रुपमा राष्ट्रिय सहकारी बैंक अगाडि आएको छ । राष्ट्रिय सहकारी बैंक लिमिटेड मुलत सहकारी संघ संस्थाहरुको प्रवर्द्धन गर्ने लक्ष्यका साथ स्थापित संस्था हो । राष्ट्रिय सहकारी बैंक लिमिटेडको स्थापना हुनुको मुख्य उदेश्य सदस्य सहकारी संघ वा संस्थालाई थोक कर्जाको रुपमा वित्तीय तथा अन्य आवश्यक सहयोग उपलब्ध गराई त्यस्ता संघ/संस्था मार्फत जनताको आर्थिक तथा सामाजिक स्तर माथि उठाउन सहयोग पुऱ्याउने हो । यसका साथै नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको नीति निर्देशन र ऐनको अधिनमा रही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारी संघ संस्थाहरुसंग आवश्यक समन्वय कायम गरी सहकारी आन्दोलनलाई सहयोग पुऱ्याउने यसको अर्को महत्वपूर्ण उदेश्य हो । यस्तै पूँजि अभाव भएका सहकारी संघ/संस्थाहरुलाई कर्जा स्वरुप पूँजि सहयोग गरी व्यवसायिक बनाउने र क्रमश: पूँजिमा आत्मनिर्भर गराउदै लैजाने लगायतका उदेश्य लिएर यो बैंक स्थापना भएको हो ।

२०६० साल असार २५ गते दर्ता भएको राष्ट्रिय सहकारी बैंक लिमिटेडमा हाल ७५ जिल्लाका करिब ९ हजार सहकारी संघ संस्था शेयर सदस्य छन् । ३७ शाखा र १ केन्द्रीय कार्यालय गरी ३८ स्थानबाट करिब ८० करोड शेयर पूँजि संकलन, ११ अर्ब निक्षेप संकलन, करिब ८ अर्व कर्जा लगानी र करिव १३ अर्बको कारोबार भैरहेको छ । बैंकमा आवद्ध संघ संस्थाहरुमा करिब ३२ लाख जनता आवद्ध छन् । बैंकबाट संघ संस्थाहरुले कर्जा लिएर सदस्यहरुको आर्थिक सामाजिक विकासमा योगदान पुऱ्याएका छन् ।

बैंकले पछिल्लो समय कृषि र विपन्न वर्ग कर्जामा विशेष प्राथमिकता दिदै आएको छ । यो क्षेत्रमा करिब २ अर्ब लगानी रहेको छ । आइसीए, अक्कु, नेडाक लगायतका सहकारीका अन्तर्राष्ट्रिय संस्थाहरु तथा नेपालको सहकारी अभियानका शिर्ष निकाय राष्ट्रिय सहकारी संघ लिमिटेडमा बैंकको आवद्धता रहेको छ ।

सहकारी बैंकको स्थापनासंगै सदस्यता विस्तार, शाखाहरु मार्फत कारोबार सञ्चालन हुन थालेपछि देशभरका सहकारी संघ संस्थाहरुले यो बैंकबाट वित्तीय सहयोग, वित्तीय व्यवस्थापन लगायतको अपेक्षा राखेका थिए । सहकारीहरुको सहभागितामा बनेको बैंकबाट सदस्य संस्थाहरुले अपेक्षा गर्नु स्वभाविक नै छ । दुर्गम तथा ग्रामिण क्षेत्रमा, महिला, दलित तथा कमजोर आयस्रोत भएका जनताको सहभागितामा सञ्चालन भएका, कृषि, पशुपालन, जडिबुटी, विद्युत उत्पादन, प्रशोधन र बजारीकरणका क्षेत्रमा काम गरीरहेका तथा शिक्षा, स्वास्थ्य, सञ्चार लगायतका सेवासंगै बचत तथा ऋण लगायत विभिन्न क्षेत्रमा काम गरिरहेका सहकारी संघ संस्थाहरुले राष्ट्रिय सहकारी बैंकबाट वित्तीय सहयोग प्राप्त गरेका छन् । निजी बैंकहरुले संस्थागत रुपमा सहकारीहरुलाई कर्जा प्रवाह नगर्ने र सहकारी बैंक उनीहरुको प्रवर्द्धनका लागि स्थापना भएकाले पनि यस्ता खाले सहकारीहरुलाई सर्वसुलभ रुपमा थोक कर्जा प्रवाह गरी सहकारी संघ संस्थाहरुको सबलीकरणका साथै जनताको आयस्तर माथि उठाउन बैंकले सहयोग पुऱ्याउदै आएको छ ।

यो बैंक सहकारी संघ संस्थाहरुको केन्द्रीय बैंक र भरोसा योग्य सहयात्रीका रुपमा विकास हुदै गएको छ । सदस्य सहकारी संघ संस्थाहरुको व्यवस्थापनका लागि बैकले ५ वर्षे रणनीति तयार गरेको छ । सहकारी क्षेत्रको प्रवर्द्धन, विकास र वित्तीय आवश्यकताहरु परिपूर्ति गर्ने यसको मुख्य लक्ष्य हो । लक्ष्य प्राप्तीका लागि बैंकले समयानुकुल प्रविधिको प्रयोग गरि सदस्यहरुमा गुणस्तरीय सेवा प्रदान गर्ने, क्षमता अभिबृद्धिका लागि विभिन्न किसिमका शिक्षा, तालिम, गोष्ठि आदीको व्यवस्थापन गर्ने, पूँजी, निक्षेप एवं कर्जा परिचालन क्षमता अभिबृद्धि गर्ने, दक्ष जनशक्ति, आन्तरीक व्यवस्थापन र प्रभावकारी नियन्त्रण प्रणालीको विकास गर्ने, सहकारी क्षेत्रका समस्या समाधानका लागि पहल गर्ने, समय सापेक्ष ऐन, नियम, नीति निर्माण परिमार्जनका लागि पहल गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरुसँग समन्वय तथा सम्बन्ध विस्तार गर्ने, आयमूलक व्यवसाय मार्फत रोजगारी सिर्जना तथा गरिवी न्यूनिकरण गर्ने, उत्पादन तथा सेवा क्षेत्रको विकास र प्रवर्द्धनका लागि कर्जा तथा वित्तीय सेवा प्रदान गर्ने, देश भरका संघ/संस्थालाई आवद्ध गराउने, छरिएर रहेको पूँजी, श्रोत तथा साधनहरुलाई सहकारी संघ/संस्था मार्फत परिचालन गर्ने गराउने योजना अगाडि बढाएको छ । तीन वर्षभित्र कम्तीमा १५ हजार सहकारी संघ संस्थालाई सदस्य बनाउने, शाखा र ब्रान्चलेस गरी १ सय स्थानबाट कारोबार गर्ने, २ अर्ब शेयर पूँजि, ३० अर्ब निक्षेप, २५ अर्ब कर्जा लगानी गर्ने लक्ष्य लिइएको छ । कर्जा लगानी मध्ये १७ अर्ब रुपैया उत्पादनमुखी, आयमुलक र जलविद्युत क्षेत्रमा लगानी गर्ने लक्ष्य छ । सहकारी बैंक ऐन निर्माणका लागि पहलकदमी गर्ने तथा सहकारीका ७ वटा अन्तर्राष्ट्रिय निकायको सदस्यता लिने योजना बैंकले अगाडि बढाएको छ । :

राष्ट्रिय सहकारी बैंक लिमिटेडले तयार पारेको ५ वर्षे रणनीति अनुसार अगाडि बढ्नका लागि तत्कालिन कार्ययोजना समेत तयार पारिएको छ । बैंकले उत्पादन र उत्पादकत्वमा वृद्धि गरी दिगो, उच्च र फराकिलो आर्थिक वृद्धिको आधारशिला बनाउन पहल गर्ने, कृषिको व्यवसायीकरणका लागि लगानीको मात्रा बढाउदै लैजाने, शाखा विस्तार गर्ने, सेवा विस्तार गर्ने, युवा स्वरोजगारमुलक कार्यक्रम सञ्चालन गर्ने, सञ्चालक, लेखा समिति र कर्मचारीको क्षमता अभिवृद्धिका लागि विविध कार्यक्रमहरु सञ्चालन गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको थप विकास गर्दै कार्य सम्पादनलाई थप व्यावसायिक र व्यवहारिक बनाउने, सहकारी बैंक ऐन ल्याउन पहल गर्ने लगायतका कार्ययोजना तयार पारेको छ । बैंकलाई थप प्रभावकारी बनाउदै लैजानका लागि तत्कालिन र दिर्घकालिन कार्यक्रमका साथ बैंकका गतिविधिलाई अगाडि बढाउन सबैको सहयोग आवश्यक छ । यसरी बैंकले सदस्य संघ संस्था मार्फत आर्थिक विकासमा योगदान दिएको छ । राज्यले लिएको तीन खम्बे अर्थनीति, सहकारी अभियानले लिएको आर्थिक विकास र सामाजिक रुपान्तरणका लागि सहकारी भन्ने नारालाई सफल पार्नका ला बैंकको भूमिका प्रभावकारी छ, र थप प्रभावकारी बनाउनका लागि आवश्यक प्रयत्नहरु भैरहेका छन् ।

सहकारी संघ संस्थाले जनताको आयआर्जनमा वृद्धि गराई कर तिर्न सक्ने बनाउन सक्यो भने मुलुकको आम्दानी बढ्छ, त्यसका लागि सहकारी मार्फत परिचालन हुने सबै खाले राज्यका कोषहरु सहकारी बैंक मार्फत सहकारीकर्मीहरुमा पुऱ्याउने नीतिगत व्यवस्था गर्न आवश्यक छ ।

आर्थिक, सामाजिक र सांस्कृतिक रुपमा मुलुक पुननिर्माणको संघारमा छ । २०७२ बैशाख १२ र त्यसपछिको भुकम्पले त आम जनतामा एक किसिमको त्रास, अन्यौलता र अलमलको स्थिति पैदा गरिदिएको छ । सरकार, राजनीतिक दलहरु यतिबेला संवैधानिक हिसावले, आर्थिक र सामाजिक हिसावले पुननिर्माणको अभियानमा लागिरहेका छन् । मुलुकको पुननिर्माण कुरा गरेर, नीति बनाएर वा दस्तावेजमा उल्लेख गरेर मात्र हुदैन । पुर्ननिर्माणका लागि प्रभावकारी कार्ययोजना र त्यसलाई कार्यान्वयनको आवश्यकता छ । राज्यबाट दिने सेवा सुविधाहरु जनतासम्म कसरी प्रभावकारी रुपमा पुग्न सक्छन् भन्ने विषयलाई ख्याल गरेर नीति बनाउने र सो अनुसार काम भए नभएको अनुगमनका लागि त्यस्तै खाले संयन्त्र निर्माण गरेर अगाडि बढ्न सक्ने हो भने अवस्य पनि महाभुकम्प मुलुक निर्माणको महत्वपूर्ण आधार बन्न सक्छ । त्यसका लागि राज्य सञ्चालकहरुमा यस किसिमको दुरदृष्टि, कार्ययोजना र कार्यान्वयन गर्ने दृढ इच्छा शक्ति आवश्यक छ ।

राज्यले लिएको ३ खम्बे अर्थनीति अनुसार नै मुलुक निर्माणको ३३ प्रतिशत जिम्मेवारी सहकारी क्षेत्रले लिनु पर्ने अवस्था छ र सहकारी क्षेत्रले लिएको जिम्मेवारी पुरा गर्नका लागि वित्तीय रुपमा राष्ट्रिय सहकारी बैंकलाई सक्षम बनाउन आवश्यक छ । सहकारी बैंक ऐन निर्माण, राज्यमार्फत सहकारी क्षेत्रमा जाने कोषहरु सहकारी बैंक मार्फत परिचालनको व्यवस्थापन, सहकारी क्षेत्रलाई उत्पादन, प्रशोधन र बजारीकरणमा जोड दिदै सेवा क्षेत्रलाई गुणस्तरीय बनाउन सकियो, प्रत्येक व्यक्तिलाई आत्मनिर्भर बनाउनका लागि स्थानीय साधन स्रोतको अधिकतम उपयोग गराउनेतर्फ अग्रसर गराई आयात घटाउदै जाने र निर्यात बढाउन सकियो भने मुलुक निर्माण संभव छ र मुलुक निर्माणका लागि सहकारी क्षेत्रले बहन गर्नु पर्ने दायित्व पुरा गर्न राष्ट्रिय सहकारी बैंक अग्रपंक्तिमा रहने निश्चित छ । त्यसका लागि सरोकारवाला सबैको सहयोग र समन्वय आवश्यक छ ।

- जय सहकारी

## बैंकको सेवा सम्बन्धमा सदस्य संस्थाका प्रतिनिधिसंग अन्तरक्रिया

*ललितपुर*

राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा बैंकको कर्पोरेट कार्यालय कुपण्डोल ललितपुरमा राष्ट्रिय सहकारी बैंक र सहकारी संघ/संस्थाहरु बिचको सम्बन्धबारे एकदिने अन्तरक्रिया कार्यक्रम ०७३ भदौ १६ गते सम्पन्न भयो ।

मुलुकको सहकारी अभियानलाई विकास र प्रवर्द्धन गर्दै आर्थिक समृद्धि तर्फ अग्रसर गराउन देशभर संजाल सहित मुलुकको सहकारी क्षेत्रको एकमात्र बैंकको रुपमा रहेको यस बैंकले सदस्यहरुलाई प्रवाह गर्ने सेवाहरु र आपसी सम्बन्ध सुदृढ बनाउने बिषयमा ललितपुर क्षेत्रका सहकारी संघ/संस्थाहरुका प्रतिनिधिहरुका बीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।



# सहकारीमा सु-शासन तथा समन्वय



- डिल्ली पोखरेल
*सदस्य*, सूचना, सञ्चार तथा प्रकाशन उपसमिति रा.स.बैंक

### १. पृष्ठभूमि :-

मानव सभ्यताको विकास संग संगै कतिपय कामको बाँडफाँड र कतिपय काम मिलेर गर्ने संस्कृतीको विकास हुँदै आएको हो । समाजमा वा समुदायमा वा समूहमा बस्ने, मिलेर काम गर्ने, समस्या समाधानका लागि एकजुट हुने, सुख/दुखमा एकाकार हुने आदि जस्ता कार्यको सुरुवात मानव चेतनाको वृद्धि संग संगै हुर्केर आएको हो । वास्तवमा यो नै सहकारीता हो । तर आधुनिक सहकारीको शुरुवात भने युरोपेली मुलुकहरुमा सम्पन्न औद्योगिक क्रान्ति पछि भएको पाईन्छ । अत्याधिक यान्त्रीकीकरणका कारण बेरोजगारी बढ्न गई श्रमिकहरुको जिवनयापनमा समस्या देखा पर्न थालेपछि सामुहिक उपभोक्ता भण्डार (साझा पसल) मार्फत आधुनिक सहकारीको सुरुवात भएको हो । यो ऐतिहासिक घटना सन् १८४४ मा बेलायतमा भएको थियो ।

देश र दुनियाँको व्यवस्थापन गर्नु शासन हो अनि शासनको संयन्त्र राज्य हो । राज्यको बिकास हुनु पूर्व जंगलीयुगमा राज्य पनि थिएन, शासन पनि थिएन । सबै प्राकृतिक अवस्थामा स्वतन्त्र थिए, समान न्यायको स्थिती थियो । निजी सम्पतिको उत्पतिसंगै राज्यको निर्माण हुन थाल्यो र प्रारम्भीक शासनको शुरुवात पनि हुन थालेको मानिन्छ । राज्यका सदस्य माथि गरिने यो शासन जनमुखी र जनउत्तरदायी हुनु पर्दछ भन्ने अवधारणा नै सुशासन हो ।

### २. विषय प्रवेश :-

सहकारी भन्नाले सरल भाषमा मिलेर काम गर्नु भन्ने हो । सहकारी एउटा त्यस्तो संगठन हो, जंहा समान उद्देश्यका व्यक्तिहरुको संलग्नता रहेको हुन्छ । सहकारी एउटा व्यवसायिक संगठन हो । यो संगठनको स्वामित्व र नियन्त्रण ग्राहकहरुको रुपमा सदस्य स्वयम्ले गर्दछन र यसको सञ्चालन सदस्यहरुकै आवश्यक्ता र इच्छा परिपुर्तिका लागि गरिन्छ । अनि सहकारी एउटा कानुनी संरचना पनि हो, जसमा सदस्यहरुले पूँजीका आधारमा नभई संलग्नताका आधारमा समान अधिकार पाएका हुन्छन् ।

शाब्दिक अर्थमा सुशासन भन्नाले राम्रो शासन वा असल शासन भन्ने बुझिन्छ । वास्तवमा जनता (सदस्य) लाई केन्द्रबिन्दुमा राखेर गरिने शासन व्यवस्था नै सहकारीको सुशासन हो । शासन संचालनमा देखिने विकृति विपरितको व्यवस्था नै वास्तवमा सुशासन हो ।

शुरुमा यो अवधारणा राजनीतिक प्रणाली भित्र रहेका सबै खालका खराब पक्षलाई कम गर्न आएको पाईन्छ । दोस्रो बिश्व युद्ध पछि नवोदित राष्ट्रहरुमा भएको शासनतन्त्रको विकृतीलाई हटाउन र ती मुलुकलाई ठिक दिशामा बिकास गर्नका लागि खास गरिकन सन् १९८० पछि आएको देखिन्छ । यो अवधारणा विश्व बैंकले सन् १९८९ मा अफ्रिका महादेशको सवसाहरान क्षेत्रको आर्थिक तथा सामाजिक विकास प्रक्रियाले गतिशिलता हासिल गर्न नसक्नुको कारण पहिचान गर्ने सन्दर्भमा बिकास गरेको हो । सु-शासनको अवधारणा विशेष गरी विकासोन्मुख राष्ट्रहरुको बिकासका लागि विकशित राष्ट्र तथा दातृ संस्थाहरुले आफुले दिने सहायता प्रदान गर्ने क्रममा राखेको शर्तका रुपमा विकास भएको हो । सुशासन राजनीतिशास्त्र र प्रशासनतन्त्रमा सबैभन्दा बढी प्रचलित शब्दका रुपमा रहेको छ । नेपालमा सन् १९९० पछि सुशासनका बिषयमा बढी चर्चा/परिचर्चा हुन थालेको पाईन्छ । जनताले स्पष्ट रुपमा राज्यले दिएका सेवा/सुविधाहरुलाई प्राप्त गर्नु, सरकारी कार्य एवम् गतिबिधिका बारेमा जानकारी प्राप्त गर्नु र यसमाथि जनताको नियन्त्रण राख्ने उद्देश्यले नेपालमा यसको शुरुवात भएको हो ।

राजनीति र प्रशासन सुधारका रुपमा सुशासनको प्रवेश भए पनि हिजो आज यो अवधारणा सबै क्षेत्रमा उत्तिकै महत्वको रुपमा रहेको छ ।

### ३) सुशासनका आधारभूत तत्वहरु :

**क) विश्व बैकका आधारमा :**

- पारदर्शिता
- जनसहभागिता
- उत्तरदायित्व
- अनुमान योग्यता

ख) UNDP का आधारमा :

- राजनीतिक बवधाकिता र उत्तरदायित्व
- निष्पक्ष र भरपर्दो न्याय प्रणाली
- चुस्त, दुरुस्त र प्रभावकारी सार्वजनिक व्यवस्थापन
- सुचनाको हकको प्रत्याभुति
- नागरिक समाजसंगको सहकार्यता

ग) समुन्द्रपार विकास संस्था (ODA) का आधारमा :

- प्रजातान्त्रिक निर्वाचन प्रणाली
- जन सहभागिता मुलक शासन व्यवस्था
- जनउत्तरदायी सरकारको सुनिश्चितता
- कानुनको शासन र मानवअधिकारको प्रत्याभुति

**४) सुशासनका अङ्गहरु (सुशासनको स्थिती निर्धारण गर्ने तत्वहरु) :**

- ईमान्दारिता
- जवाफदेहिता
- पारदर्शिता
- अनुशासन
- विकेन्द्रिकरण
- उत्तरदायित्व
- गोपनियता
- स्वनियमन
- योजना
- मुल्याङ्कन
- सृजनशिलता
- पक्षपात रहित
- सहभागितात्मक
- सकरात्मक दृष्ट्रिकोण
- सदस्य उन्मुख सेवा
- समयको परिपालन
- नीति नियमको पालक
- समतामुलक र समावेशी
- प्रजातान्त्रिक आचरण

**५) सुशासनको मापन :**

कुनै पनि राज्य, संघ/संगठन वा क्षेत्रमा सुशासनको अवस्था कस्तो छ भन्ने कुराको मापन गर्नु आफैमा कठिन कार्य हो । माथि उल्लेख गरिएका तत्वहरुको कार्यान्वयनको स्थिती नै वास्तवमा सुशासन मापनको आधार हो । अझ सहकारी संघ/संस्थामा यसको मापनको स्थितीलाई अङ्कभार दिनु त झनै चुनौती पूर्ण नै छ । के-के कुरालाई सुशासनको मापनको सूचक (Indicator) मान्ने भन्ने कुरामा मतऐक्यता छैन । सहकारी बिज्ञ भारतिय विद्धान डा. दमन प्रकाशले सहकारी संघ/संस्थाहरुको सुशासन मापन गर्ने सन्दर्भमा निम्न सुचकहरु उल्लेख गरेका छन् :

- निश्पक्षतापूर्वक सुनुवाई
- व्यवसायमा पारदर्शिता
- उद्देश्यपूर्ण र निष्पक्ष निर्णय लिने
- समय सापेक्ष परिवर्तन हुने क्षमता
- सफा र स्वच्छ काम गर्ने वातावरण
- सदस्य तथा सदस्यहरुको घरपरिवारको आदर गर्ने अवस्था
- कर्मचारीहरुको व्यवसायिकताको अभिवृद्धि - समाज र वातावरण प्रतिको चासो ।
- सदस्य तथा कर्मचारीलाई शिक्षा र तालिमको व्यवस्था
- व्यवस्थापन र कर्मचारीबीच राम्रो र उचित अन्तरक्रिया

**६) सहकारी ऐनमा सुशासनको व्यवस्था :-**

सहकारी क्षेत्रको संस्थागत सुशासनका लागि थुप्रै व्यवस्थाहरु भएका छन् । सहकारी ऐन २०४८ ले यस सम्वन्धमा केही महत्वपूर्ण व्यवस्था गरेको छ । ऐनमा संस्था संचालनका लागि संचालक समितिको व्यवस्था छ । वित्तिय रुपले संस्था र संचालक समिति समेतलाई नियन्त्रण गर्ने अधिकार सहित लेखा समितिको व्यवस्था छ । लेखा समिति र संचालक समिति दुवैको गठन साधारण सभा मार्फत गर्ने व्यवस्था छ । विनियमको संशोधन साधारणसभाको दुईतिहाई बहुमतवाट मात्र हुने व्यवस्था छ । यसरी संशोधन भएको बिनियम पनि सहकारी विभागका रजिष्टारबाट स्वीकृत भएपछि मात्र लागु हुने व्यवस्था छ । समितिको कार्य अवधि बढीमा ५ बर्ष सम्म मात्र हुने, समितिले आफ्नो समय पुग्नु अगाडी नै निर्वाचन गराउनु पर्ने, समयमा निर्वाचन नगराए कुनै पनि सदस्यले रजिष्ट्रार समक्ष उजुरी गर्न सक्ने, यसरी उजुरी आएपछि समय समाप्त भएको छ महिना भित्र रजिष्ट्रारले समितिको निर्वाचन गराउनु पर्ने ऐनमा व्यवस्था छ । यी सबै सहकारी संस्थाको संस्थागत सुशासन सम्वन्धिका व्यवस्था हुन । यिनीहरुका अतिरिक्त संस्थागत सुशासनका लागि निम्न बमोजिमका थप व्यवस्थाहरु समेत गरिएका छन् ।

- साधारणसभा भड्किलो र खर्चिलो रुपमा गर्न नपाईने ।
- कार्यकारी प्रमुखको एकाघरको नाता सम्वन्ध रहेको व्यक्ति लेखा समितिमा बस्न नपाउने ।
- एकाघरवाट एकजना मात्र सञ्चालक समितिमा बस्न पाईने ।
- कालो सुचीमा परेको व्यक्ति संचालक हुन नपाउने ।
- निक्षेपकर्ताको हित बिपरित कुनै पनि कार्य गर्न नपाईने ।
- समय सिमा नतोकि पेश्की दिन वा लिन नपाईने ।
- संस्थावाट लिएको कर्जा चुक्ता नगरे सम्म सञ्चालक बस्न नपाईने ।
- सञ्चालक समिति र लेखा समितिको बैठक नियमित बस्नुपर्ने ।
- आ.व. समाप्त भएको ६ महिना भित्र साधारण सभा सम्पन्न गरिसक्नु पर्ने ।

यसै गरी सहकारीमा संस्थागत सुशासन कायम गर्न सहकारी मापदण्ड जारी गरिएको छ । राष्ट्रिय सहिकारी संघले सहकारी आचारसंहिता जारी गरेको छ भने बिभिन्न बिषयगत संघहरुले आ-आफ्ना बिषयगत संस्थाहरुसंग सम्वन्धित आचारसंहिता समेत जारी गरेका छन् ।

**७) किन चाहियो सहकारीमा सुशासन ?**

कुनै पनि संस्था दर्ता गर्दा त्यसका निश्चित उद्देश्यहरु निर्माण गरिएका हुन्छन् । तिनै उद्देश्यहरुको परिपुर्ति गर्नु र संस्था संचालनका क्रममा आईपर्ने चुनौती तथा अवसरलाई आत्मसाथ गर्नु संस्था सञ्चालकहरुको प्रमुख दायित्व हो । यो दायित्व तव मात्र पुरा हुन सक्दछ जव हामीले सहकारीमा सुशासन कायम गराउन सक्दछौ । निम्न कारणहरुले सहकारीमा सुशासनको आवश्यकता पर्दछ :

- संस्था स्थापनाको उद्देश्य पुरा गर्न ।
- आर्थिक अनुशासन कायम गर्न ।
- संस्था व्यवस्थित रुपले संचालन गर्न ।
- सामाजिक रुपले स्थापित हुन ।
- संस्थालाई दिर्घजीवि बनाउन ।
- सदस्य सेवा बिस्तार गर्न ।
- नेतृत्व एवम् व्यक्तित्व विकास गर्न ।
- सदस्यहरुलाई समान अधिकार र न्याय दिन ।
- कानुनको पालना गर्न ।
- राष्ट्र विकासमा सहकारीको भूमिका स्थापित गर्न

**८) सहकारी सुशासनका कमी कमजोरी र विकृतीहरु :-**

बिभिन्न रुपमा सहकारीमा सुशासन कायम गर्नुपर्दछ भन्ने व्यवस्था भएता पनि यसको कार्यान्वयनमा समस्याहरु देखा परिरहेका छन् । जसका कारणले सहकारी क्षेत्रमा बिभिन्न किसिमका बिसंगती एवम् विकृतिहरु देखा पर्ने गरेका छन् । सहकारी संस्थाहरुमा सुशासन कायम गर्नका लागि देखिएका कमी, कमजोरी तथा विकृतीहरुमा आन्तरिक नियन्त्रण फितलो हुनु, औपचारिकतामा सिमित संगठन, छलफल-अन्तरक्रिया तथा बहसमा न्यूनता, शिक्षा र तालिमको अपर्याप्तता, अनुशासनको समष्या, कारोवारमा अपारदर्शिता, स्वायत्तताको दुरुपयोग, नियमनमा कमजोरी, जवाफदेहितामा कमी, सहकारी संस्था र सरोकारवाला निकाय विच समन्वयको कमी, कार्यक्रमको प्राथमिकिकरण नगर्ने संस्कार, दक्ष र पर्याप्त जनशक्तिको अभाव आदि मुख्य हुन् । त्यसैगरी अनुभवहिनता, आपसी अस्वस्थ्य द्वन्द्व, सृजनशिलताको अभाव, सामुदायिक बिकासलाई वेवास्ता, युवावर्गको अरुची, फितलो सरकारी नीति, पुरानो सहकारी ऐन, प्रविधिको पहुँचमा कमी जस्ता पक्षहरु पनि सहकारी संस्था सुशासनका कमि कमजोरी र विकृतीका रुपमा देखिएका छन् ।

**९) ध्यान दिनु पर्ने पक्षहरु :-**

सहकारी संस्थामा सुशासन कायम गर्नका लागि विभिन्न पक्षको महत्वपुर्ण भुमिका रहेको हुन्छ । संस्थालाई सु-व्यवस्थित रुपमा संचालन गर्नका लागि भूमिका निर्वाह गर्ने पक्षहरुमा सहकारी संस्था , संस्थामा आवद्व कर्मचारी, सहकारी संघहरु, सरकारी निकाय (सहकारी मंत्रालय, सहकारी विभाग वा सहकारी कार्यालय) र राज्य स्वयम् पनि पर्दछन् । यी सवै निकायहरुको एकीकृत प्रयासबाट सहकारीमा सुशासन कायम गर्न सहज हुन्छ । मूलत : सहकारी संस्था आफैले विशेष पहलकदमी लिनु वान्छनिय हुन्छ । सहकारी सुशासनका लागि निम्न कुरामा ध्यान दिनु जरुरी छ :

- सहकारी ऐन, नियमावली र मापदण्ड बमोजिम संस्था संचालन नीति तयार पारी कार्यान्वयन गर्ने ।
- संस्थामा सदस्यको काम, कर्तव्य, अधिकार र जिम्मेवारी किटानी गर्ने ।
- सदस्यको योग्यता निर्धारण गर्ने ।
- सदस्यको क्षमताको विकास गर्ने ।
- संस्थाप्रति अपनत्वको भावना विकास गर्ने ।
- हरेक गतिविधि र निर्णयमा सदस्यहरुको सहभागितालाई सुनिश्चित गर्ने ।
- कर्मचारीलाई अधिकार सम्पन्न गर्ने ।
- कर्मचारीका लागि नविनतम् सिप र क्षमता अभिबृद्धीका तालिम संचालन गर्ने, उनीहरुको पारिश्रमिकको न्यायोचित व्यवस्था गर्ने ।
- निक्षेप संकलन, कर्जा लगानी, कर्मचारी व्यवस्थापन, सूचना र प्रविधि लगायत आवश्यकीय नीति, नियम बनाउने ।
- आन्तरिक नियन्त्रण प्रणाली मजवुत बनाउने ( लेखा समिति, विभिन्न उपसमितिलाई सक्रिय पार्ने )
- पुरस्कार र दण्डको व्यवस्था गर्ने ।
- संस्थाको लक्ष्य, उद्देश्य किटान गरी कम्तीमा ५ वर्षको योजना निर्माण गर्ने ।
- संस्था व्यक्तिले होइन, विधिले चलाउने भन्ने कुराको प्रत्याकूति दिने ।

**१०) सहकारी र सरोकारवालाहरु बीचको समन्वय :-**

सहकारी संस्था आफैमा विभिन्न सरोकारवालाहरुको साझा चौतारी हो । सहकारी संस्थाका सरोकारवालाहरुमा मुख्यगरी सरकार वा सहकारी तथा गरिवी निवारण मन्त्रालय, केन्द्रिय बैंक, सहकारी विकास वोर्ड, सहकारी विभाग, सहकारी अभियान (राष्ट्रिय सहकारी संघ, राष्ट्रिय सहकारी बैंक लगायत अन्य विषयगत केन्द्रिय संघ र जिल्ला संघहरु) र संस्थाका सदस्यहरु रहने गर्दछन् । सहकारी संस्थाका महत्वपूर्ण र जिम्मेवार सरोकारवालाहरु यसका सदस्य हुन् भने नीति निर्माणकर्ता र नियमनकर्ताका रुपमा सरकारी निकायहरु रहेका हुन्छन् । सहकारी अभियानका अभियानकर्ता संघहरु पनि यसका प्रत्यक्ष सरोकारवाला पक्ष हुन् । यिनीहरु बीचमा उचित तालमेल र समन्वय हुनु आवश्यक छ । यी सबै सरोकारवाला पक्षको एउटै उद्देश्य भनेको सदस्यहरुको आर्थिक तथा सामाजिक हित गर्दै मुलुकलाई सक्षम र सुदृढ बनाउनु हो । तर वर्तमान समयमा यिनीहरुका बीचमा उचित समन्वयको अभाव देखिएको छ । जसका कारण सहकारी क्षेत्रले अपेक्षाकृत विकास गर्न सकेको छैन र यस क्षेत्रमा अपेक्षाकृत सुशासन समेत कायम हुन सकिरहेको छैन् ।

**११) निष्कर्ष :-**

वर्तमान अवस्थामा सहकारी क्षेत्रले राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण स्थान ओगटदै देशभर सकारात्मक प्रभाव समेत पार्दै गएको छ नेपालको संविधान २०७२ मा समेत सहकारीलाई राज्यले उच्च प्राथमिकतामा राखेको छ। संगठनका हिसाबले नेपालको सबैभन्दा ठूलो संगठन, संजाल विस्तारको हिसाबले सबैभन्दा व्यापक र आकर्षणको हिसावले सबै भन्दा प्रिय संगठनका रुपमा सहकारीको विकास भएको छ । यसरी सर्वव्यापी भएको यस क्षेत्र भित्र अव सुशासनको नितान्त जरुरी छ । सहकारी ऐन, नियमावली तथा मापदण्डले सहकारी संचालनमा संस्थागत सुशासनको सम्बन्धमा केही व्यवस्था गरेको भएता पनि सहकारीताको अभियानमा सुशासनको अवस्था सन्तोषजनक रहेको पाइदैन । समाजमा रहेको अन्धविश्वास, शोषणयुक्त परिवेश, अशिक्षा, अनुशासनहिनता, अपारदर्शिता, गैर जिम्मेवारीपन, तालिम, प्रशिक्षण, सिप र कौशलताको कमी, दण्ड र पुरस्कारको अव्यवस्था जस्ता तत्वहरु सुशासनको बाधकको रुपमा रहेका छन् । यिनीहरुलाई चिर्दै र उचित व्यवस्थापन गर्दै सहकारी संस्थाहरुमा संस्थागत सुशासन कायम गराउनु र गराउन प्रयत्नरत रहनु हामी सबैको दायित्व बन्नु पर्दछ । राष्ट्र र सिङ्गो अभियान अव यसतर्फ केन्द्रीत हुनु जरुरी छ ।

# सहकारी अर्थ व्यवस्थामा सुधारको आवश्यकता

प्रजातान्त्रिक वातावरणको अभावमा सहकारीहरुको सिद्धान्त, मुल्य र मान्यताहरुको प्रयोग सम्भव छैन भन्ने तथ्यलाई विश्वका विभिन्न मुलुकहरुमा भएको सहकारीको प्रयोगले स्पष्ट पारेकोछ । सहकारीहरुको विकास, विस्तार र प्रवर्द्धनमा सरकारको उपयुक्त नीति र व्यवहार आवश्यक छ । हाम्रो देशमा सहकारी क्षेत्रको विकासको इतिहास त्यति लामो छैन । नेपालको सहकारी क्षेत्रको विकासको इतिहासबाटै पनि हामीले धेरै कुरा सिकेका छौं । २०४८ साल अघिका सहकारीहरु राज्यद्वारा निर्देशित र संरक्षित भई सञ्चालनमा ल्याईएका थिए जसमा जनताको मन वचन सहितको सहभागिता भएन । पञ्चायत कालखण्डका सहकारीहरु अहिले धेरैजसो संकटमा परेका छन् अथवा विविध कारणले बन्द भैसकेको पाईएको छ । २०४८ सालमा सहकारी ऐन त आयो तर त्यतिखेर विश्वभरीनै आर्थिक उदारीकरणको दबदबाले गर्दा राज्यले सहकारी क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनका लागि कुनै पहल गर्न सकेन । तर नेपालमा स्वत:स्फुर्त सहकारी संस्थाहरु खुल्ने वातावरण भने सहकारी ऐन, २०४८ ले बनाएको थियो । फलस्वरुप २०४८ सालमा ८३० वटा मात्र रहेको सहकारीहरुको संख्यामा उल्लेख्य रुपमा बृद्धिभई हालसम्म ३१ हजार भन्दा बढी सञ्चालित रहेका छन् ।

गरिवी निवारणमा योगदान, उत्पादक रोजगारीको सिर्जना, श्रम बजारको सन्तुलन, आवश्यकता अनुसारको सेवा, सामाजिक एकिकरण, प्रजातान्त्रिक संस्कृतिको प्रवर्द्धन, वातावरणको संरक्षण, स्वच्छ उत्पादन, ब्यापारमा सुद्धता, उद्यमशिलताको विकास, उत्पादनमा वृद्धि, सामाजिक विकृतिको उन्मुलनको माध्यम, स्थिर र दीगो आर्थिक विकास र संकटको सामना गर्नसक्ने क्षमता लगायतका पक्षहरुमा सकारात्मक योगदान गरिहेकोले यो सहकारी अर्थव्यवस्थाको सवल पक्षहरु हो भने साझा सम्पत्ति वा सित्तैमा हक स्थापित हुने समस्या, विचारधारामा द्वन्द, व्यवस्थापन र सदस्यहरु वीचको निहित स्वार्थको द्वन्द, सदस्यहरुको उदाशिनता, निजी र सहकारी वीचको द्वन्द, सहकारीको परनिर्भर स्वभाव, राजनीतिक हस्तक्षेप, नीति निर्माता र सर्वसाधारणहरुमा सहकारीको सैद्धान्तिक तथा व्यवहारिक प्रयोग वारे ज्ञानको न्युनता, सञ्चालक तथा व्यवस्थापकहरुमा व्यवस्थापकीय क्षमताको कमी, पूँजीको आधारमा संकुचन, सदस्यहरुको सक्रिय सहभागिता नहुनु, राज्यका नीति, संरचना र प्रक्रियागत व्यवस्थाहरु अन्यौलपूर्ण रहनु र सहकारीको संघिय शक्तिको निर्माण नहुनु सहकारी अर्थव्यवस्थाको कमजोर पक्षहरु हुन् । खासगरी सहकारी संघ संस्थाहरुको संख्या, सहभागिता र कारोवार बढेर देशको सामाजिक आर्थिक विकासमा सहकारी क्षेत्रबाट योगदान पुगेको भएतापनि यो क्षेत्रमा रहेको विविध समस्याहरुको कारण अपेक्षित ढंगको विकास भने हुन सकेको छैन । सहकारी संस्थाहरु विशेष गरेर सहर केन्द्रीत देखिएका छन् । सहकारी सम्बन्धी शिक्षा र चेतनाको अभावमा सहकारीका मुल्य, मान्यता र सिद्धान्तहरुको प्रभावकारी पालना गर्न गराउन सकेको देखिँदैन । समग्रमा सहकारी पद्धतिलाई व्यवहारमा उतार्न नसकेको अवस्था छ । तसर्थ समग्र देशको अर्थव्यवस्थालाई सुदृढ गर्न र सहकारी अर्थव्यवस्थालाई व्यवस्थित र प्रभावकारी वनाउन अपरिहार्य भैसकेको परिप्रेक्षमा देहाय वमोजिमको कानूनी व्यवस्था तथा सुधार गर्नु आवश्यक देखिएको छ:-

### (क) एकीकरण सम्बन्धी व्यवस्था:

नेपालमा हाल सञ्चालित सहकारीहरुको संख्या पनि समस्याको रुपमा रहेको छ । यसले एकातिर सहकारी अर्थव्यवस्थाको व्यापकतामा बल पुऱ्याएको छ भने अर्कोतिर अस्वस्थ प्रतिस्पर्धाको साथै सहकार्यको संस्कृतिमा समेत प्रतिकुल प्रभाव पारेको छ । लागत लाभको दृष्टिकोण एवं सामाजिक एकिकरणका लागि पनि सहकारीहरुको संख्या भन्दा सदस्यता र प्रभावकारी सेवामा ध्यान पुऱ्याउनु पर्ने अवस्था सिर्जना भएको छ । अहिले सहकारीहरुको धेरै भिड भएको कारणले अस्वस्थ प्रतिस्पर्धा भई सम्पूर्ण अर्थव्यवस्थामा नकारात्मक असर भएको स्पष्टै देखिन्छ । यसका लागि कानूनी व्यवस्था आवश्यक भैसकेकाले भएका सहकारी संस्थाहरुलाई एकिकरण एवं मर्जर गराउने आकर्षक कार्यक्रमहरुको खाका बनाई तत्कालै कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।



**प्रमोद कुमार घिमिरे**
*सहायक प्रबन्धक*

### (ख) उपयुक्त तालिमको व्यवस्था:

सहकारी संस्थाहरुको कारोवारको आकारमा बृद्धिसंगै व्यवस्थापन कुशलता बढाउँदै लैजानु पर्ने अवस्था सिर्जना भएको हुन्छ । कुशल व्यवस्थापक र व्यवस्थापनलाई काम दिन र कामको अनुगमन गर्न सक्ने सञ्चालक समितिको आवश्यकता पर्दछ । निर्वाचित भएका लेखा वा सुपरिवेक्षण समितिका पदाधिकारीहरुमा समेत आन्तरिक नियन्त्रण प्रणालीको पद्धतिहरुका वारेमा ज्ञान हुनु जरुरी हुन्छ । सहकारी अर्थव्यवस्थालाई सुदृढ गर्न र सदस्यहरुको हितका लागि सहकारीमा पनि संस्थागत सँस्कृतिको प्रयोग आवश्यक छ । त्यसको लागि सञ्चालक समिति, लेखा समिति र सुपरिवेक्षण समितिका पदाधिकारीहरुलाई व्यवस्थापन र व्यवसायको वारेमा आधारभुत ज्ञान र सीपको आवश्यकता पर्ने भएकोले व्यवस्थापन तालिम, अध्ययन भ्रमण, क्षमता अभिबृद्धि प्रशिक्षण र समय सापेक्ष आधुनिक तालिमहरुमा सहभागी गराउने कार्यलाई प्राथमिकतामा राख्नुपर्ने हुन्छ ।

### (ग) कर प्रशासनलाई व्यवस्थित गर्नुपर्ने:

सहकारी गैर नाफामुलक ब्यवसाय भएको र आवद्ध सदस्यहरुसंग मात्र कारोवार गरिने भएकोले त्यस्ता सहकारीको आयमा कर नलाग्ने ब्यवस्था आवश्यक छ । तर गैर सदस्यसंग कारोवार गरेको हकमा अन्य विधिको ब्यवसाय सरह आयकर लिन बाधा पर्दैन । लाभांश बितरण गर्दा सदस्यहरुको

कारोवारको आधारमा गरिन्छ भने त्यस्तो रकममा संस्थागत करको आवश्यकता नहुनु पर्ने हो । सहकारीमा एकल कर प्रणाली विश्वका धैरै देशहरुमा प्रयोगमा रहेको छ । सहकारीहरुको चरित्रलाई गैर नाफामुलक बनाउन कर प्रशासनको मुख्य भुमिका रहेको हुन्छ । कारोवारलाई व्यवस्थित र सूचनामुलक वनाउन भने कर सम्बन्धी सामान्य दायित्वको व्यवस्था गर्नु राम्रो हुन्छ । आर्थिक उदारिकरणको आधारमा निजी क्षेत्रको उद्योग व्यवसायलाई स्वस्थ प्रतिस्पर्धामा आउन वाधा नपर्ने गरी सहकारी क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनका लागि अनुकुल हुने सहकारी कर प्रणालीको समय सापेक्ष खाका कोर्नु पर्दछ ।

### (घ) अख्तियार प्रत्यायोजनमा प्रजातान्त्रिक अभ्यासः

कुनैपनि नाममा सदस्यहरुको संघ संस्था माथिको सार्वभौम अधिकारलाई कुण्ठित गर्ने खालका व्यवस्थाहरु राखिनु हुदैन । सदस्यहरुको वहुमतबाट धैरै निर्णयहरु प्रभावित हुने प्रजातान्त्रिक अभ्यासको रक्षा हुने व्यवस्था आवश्यक छ । सदस्यहरुलाई निश्चित प्रक्रिया र विधिसम्मत ढंगले सहकारीको अभिलेख माथिको पहुँच सुनिश्चित गर्नु पर्दछ । सूचना सम्प्रेषणको भरपर्दो व्यवस्था मिलाउनु पर्ने दायित्वलाई कानूनी रुपमै बलियो वनाउनु पर्दछ । सहकारीमा लेखापरिक्षक नियुक्त गर्ने अधिकार सदस्यहरुको सार्वभौम अधिकार हो । अधिकार प्रत्यायोजनको नाममा सञ्चालक समितिले आफु अनुकुल लेखा परिक्षक नियुक्त गर्ने प्रचलनबाट संस्थामा विकृति मौलाउने संभावना प्रशस्त रहने भएकोले यस विषयमा सम्बद्ध सवै पक्षहरु कटिवद्ध हुनु पर्दछ ।

### (ङ) विशेष प्रकृतिको न्यायाधिकरणको व्यवस्थाः

विवाद व्यवस्थापन तथा अपराध नियन्त्रणका लागि अधिकारप्राप्त छुट्टै निकाय अर्थात सहकारी न्यायाधिकरणको व्यवस्था गरिनु आवश्यक छ । यसो भएमा कानूनी व्यवस्थाको सफल प्रयोगबाट यस क्षेत्रका विवाद कानूनी तवरले समाधान गर्दै लैजान सकिन्छ । सहकारीका विवादहरुको व्यवस्थापनका लागि यस्तो व्यवस्थाबाट सहकारीको मुल्य, मान्यता र सिद्धान्तहरुको समेत प्रवर्द्धन गर्न सकिने वातावरणको निर्माण हुन्छ । हाल सहकारीका बहुसंख्यक उजुरीहरु ठगी प्रकृतिका रुपमा कानूनी कारवाहीबाट शुरु गर्नुपर्ने वाध्यात्मक अवस्थाहरु देखिएका छन् । यो क्षेत्रलाई मर्यादित र व्यवस्थित दक्षता सहितको विशेष प्रकृतिको न्यायाधिकरणको व्यवस्था आवश्यक भैसकेको छ ।

### (च) सहकारी ऐनको परिमार्जन वा पुनर्लेखनः

नेपालको हालको सहकारी ऐन नियमले सहकारी दर्ता, सञ्चालन तथा व्यवस्थापन, सुपरिवेक्षण तथा नियमन, स्वःनियमन, आन्तरिक नियन्त्रण, लेखा तथा लेखापरिक्षण, जिम्मेवार सञ्चालक समिति तथा व्यवस्थापन, विघटन तथा खारेजी वा समिकरण, कारोवारको सुरक्षण, कर प्रशासन, न्यायाधिकरण जस्ता थुप्रै पक्षहरुलाई समय सापेक्ष व्यवस्थित वनाउन सहयोग गर्दैन । २०४८ सालमा लागु गरिएको सहकारी ऐनले तत्कालिन आवश्यकतालाई सम्बोधन गरेपनि आजको परिस्थितिमा त्यसमा भएका बहुसंख्यक प्रावधानहरुले आजको चुनौतीहरुलाई सम्वोधन गर्न नसक्ने अवस्था सिर्जना भएकोले हालको सहकारी ऐनलाई समय सापेक्ष अनुकुल परिमार्जन वा पुनर्लेखन गर्नु अपरिहार्य भैसकेको छ ।

### (छ) प्रभावकारी केन्द्रीय संरचनाः

देशको राजनीतिक नेतृत्वले सहकारी क्षेत्रलाई कति महत्व दिने हो सोही अनुसार केन्द्रीय निकायको व्यवस्था गरिनु प्रभावकारी हुन्छ । व्यवस्थापनमा राजनैतिक हस्तक्षेप हुने संस्कृति भएको हाम्रो जस्तो मुलुकमा प्राधिकरणको मोडेल उपयुक्त नहुने वास्तविकता भने हाल सञ्चालनमा रहेका केहि प्राधिकरणहरुका व्यवस्थापनको अवस्था अध्ययन गरी आंकलन गर्न सकिन्छ । तसर्थ सहकारी क्षेत्रको समग्र विकासको नेतृत्व लिने प्रभावकारी केन्द्रीय संरचनाको खाँचो देखिएको छ । अहिले सहकारीलाई कृषि मन्त्रालयसंग जोडिएको छ । सहकारी बहुआयामिक बिषय हो । एउटा बिषयगत मन्त्रालयसंग सहकारीलाई जोडिदिँदा सहकारीको लागि आवश्यक पर्ने ऐन, नियम, कार्यक्रम तथा सहकारीको लागि आवश्यक पर्ने राज्य संरचनाहरुलाई व्यवस्थित गर्न नसकिएको यर्थाथ हो । सहकारीको दर्ता र नियमन गर्ने काम र सहकारीको प्रवर्द्धन गर्ने काम एउटै निकायमा राखिनु हुदैन । निकायहरुको भुमिका परिभाषित गरिनु पर्दछ । सहकारी विभागले दर्ता, नियमन, प्रशिक्षण र प्रवर्द्धनको काम हेर्ने गरेको छ । तर राष्ट्रिय सहकारी विकास वोर्डको स्थापनाले काममा दोहोरोपना भएको महसुस गर्न सकिन्छ । कृषि तथा सहकारी मन्त्रालय अर्न्तगत रहनाले सहकारी विभागको भुमिका सहकारीका बहुआयामिक विकासका लागि प्रभावकारी बन्न सकेको छैन । तसर्थ वित्ती... सहकारीको नियमनमा अर्थ मन्त्रालय जिम्मेवार हुनु पर्दछ । खासगरी सहकारी पद्धतिको व्यवस्थालाई बलियो बना... समग्र सहकारीको आन्दोलनको प्रतिरक्षा गर्ने जिम्मेवारी भने सहकारीकै संघहरुको हो भन्ने कुरालाई स्थापित गराउँदै लैजानु पर्दछ ।

### (ज) नियमन तथा अनुगमनः

वित्तीय सहकारीको वाहुल्यता रहेको मुलुकहरुमा वित्तीय सहकारीहरुको नियमनका लागि छुट्टै कानून र अनुगमन तथा नियमनका लागि सशक्त र स्वायत्त संगठनको निर्माण गरिएको हुन्छ । केही मुलुकहरुमा वित्तीय कारोवार गर्ने सहकारीका संघहरुलाई कानूनतः यस्तो अधिकार दिईएको छ । हाम्रो देशमा पनि वित्तीय कारोवारमा संलग्न वचत तथा ऋण सहकारीका साथै अन्य सहकारीहरुको कारोवारको अनुगमन र नियमन कार्यलाई प्रभावकारी बनाउन छुट्टै कानून र निकायको आवश्यकता देखिएको छ । सहकारीको स्वायत्तता र स्वनियमनको अभ्यासलाई बलियो बनाउने गरी सहकारी संस्थाहरुको आन्तरिक नियन्त्रण पद्धति र वाह्य अनुगमनको व्यवस्था सवल वनाउन सकिएन भने समग्र सहकारी अभियान कलंकित बन्ने सम्भावना रहन्छ । विशेष गरी वित्तीय कारोवार गर्ने सहकारी संस्थाहरुको नियमनलाई प्रभावकारी बनाउनुको विकल्प छैन । यसका लागि चुस्त दूरुस्त अनुगमन नियमन गर्ने निकायको

व्यवस्था मिलाउनु पर्दछ । स्वनियमनको अभ्यास गराउन कारोवारको आकार र सहकारीको वस्तुस्थितिका आधारमा सहकारीकै संघहरुलाई नै कानूनी रुपमै अधिकार प्रत्यायोजन गर्न सकिन्छ । वित्तीय कारोवार गर्ने सहकारी संस्थाहरुको नियमन र अनुगमन कार्यका लागि अर्थ मन्त्रालय अन्र्तगतनै छुट्टै विभाग वा प्रधिकरणको स्थापना गरेर यसलाई अहिलेको तुलनामा बढी व्यवस्थित गर्न गराउन सकिन्छ । त्यसैले पनि सहकारीहरुलाई अधिकार सम्पन्न बनाई आफ्ना सदस्य सहकारीहरुको नियमित अनुगमन गर्ने जिम्मा दिई सो कार्यलाई प्रभावकारी बनाउँदै लैजाने कामका लागि सरकारी संयन्त्रको परिचालन गर्ने पद्धतिको विकास गर्दै लैजानु पर्ने हुन्छ । अन्त्यमा,

सहकारी क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनको लागि समय सापेक्ष राष्ट्रिय सहकारी नीतिको अभावले गर्दा सहकारी पद्धतिको प्रयोगका वारेमा आर्थिक तथा सामाजिक विकासका बहुआयामिक क्षेत्रहरुको विकास पछाडि परिरहेको छ । राष्ट्रिय सहकारी विकास वोर्डले प्रभावकारी भुमिका निर्वाह गरेमा अझ सकारात्मक संकेत अवश्यनै देखिनेछ । यस पृष्ठभुमिमा राष्ट्रिय सहकारी विकास वोर्डको संरचना र कार्यक्षेत्रमा समय सापेक्ष सुधारको खाँचो छ । त्यसैगरी सहकारी विभाग र अन्र्तगतका निकायहरुको क्षमता अभिबृद्धि गरि सहकारीको विकास, विस्तार र प्रवर्द्धनमा उल्लेख्य परिवर्तन गर्न सकिन्छ । त्यसैगरी सहकारी विभागको क्षमता अभिबृद्धि, राजनैतिक तटस्थताको पहल, राष्ट्रीय सहकारी बैंकको प्रवर्द्धन र विकास, सहकारीहरु वीचको सहकार्यका लागि संघिय संरचना, सहकारी अध्ययन तथा तालिम, सहकारी दर्ताको लागि अलग्गै निकाय, कारोवारको सुरक्षाको लागि बिमाको अनिवार्य व्यवस्था र संस्थागत संस्कृतिको प्रयोग लगायतका विषयमा पहल गरिएमा सहकारी विकास, विस्तार र प्रवर्द्धनमा ठुलो योगदान हुनेछ । जसको फलस्वरुप समग्र राष्ट्रको अर्थव्यवस्थामा सकारात्मक सुधार र उन्नति हुनेछ ।

**राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुर**
**पहिलो त्रैमास आ.व. २०७३/०७४ (मिति २०७३/०६/३०) को**

## वित्तीय विवरण

| क्र.सं. | विवरण | यस त्रैमासमा |
|---|---|---|
| १ | कुल पूँजी तथा दायित्व (१.१ देखि १.७) | ११,४९०,१७८ |
| १.१ | शेयर पूँजी | ७८२,३०३ |
| १.२ | जगेडा तथा कोषहरु | २२०,७१९ |
| १.३ | ऋणपत्र तथा वण्ड | – |
| १.४ | तिर्न बाँकी कर्जा सापट | ६८०,७४६ |
| १.५ | निक्षेप दायित्व | ९,५८५,३४० |
| | क. स्वदेशी मुद्रा | ९,५८५,३४० |
| | ख.बिदेशी मुद्रा | – |
| १.६ | आयकर दायित्व | |
| १.७ | अन्य दायित्व | २२१,०७० |
| २ | कुल सम्पती (२.१ देखि २.७) | ११,४९०,१७८ |
| २.१ | नगद तथा बैंक मौज्दात | २,५५८,२८६ |
| २.२ | माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | – |
| २.३ | लगानी | १,७३५,११५ |
| २.४ | कर्जा सापट तथा बिल खरिद | ६,८९८,२७२ |
| २.५ | स्थिर सम्पती | १६२,०१२ |
| २.६ | गैर बैकिङ्ग सम्पती | – |
| २.७ | अन्य सम्पती | १३६,४९३ |

## सहकारी मन्त्रीलाई बैंकको तर्फबाट बधाई ज्ञापन



*ललितपुर,*

सहकारी तथा गरिवी निवारण मन्त्रालयमा नियुक्त हुनु भएका माननीय सहकारी तथा गरिबी निवारण मन्त्री हृदयराम थानीलाई राष्ट्रिय सहकारी बैंक लिमिटेडका तर्फबाट ०७३ भदौ १६ गते बधाई ज्ञापन गरिएको छ ।

मन्त्री थानीलाई बधाई ज्ञापन गर्न बैंक सञ्चालक समितिका सदस्यहरु, लेखा समितिका संयोजक तथा उच्च व्यवस्थापनका कर्मचारीहरुको टिम मन्त्रालय पुगेको थियो ।

बैंकका प्रबन्ध संचालक के.बी. उप्रेतीले बैंक परिवारको तर्फवाट बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभ-कामना व्यक्त गर्नु भएको थियो. । बैंकको पछिल्लो वित्तीय अवस्था, बैंकले सहकारी अभियानमा निभाएको भूमिका साथै राष्ट्रिय सहकारी बैंकका बारेमा जानकारी गराउनु भएको थियो ।

मन्त्री थानीले बैंकले देशको वित्तीय क्षेत्र, आर्थिक सामाजिक क्षेत्रका साथै सहकारी अभियानलाई अगाडि बढाउन गरेको योगदानलाई थप प्रभावकारी बनाउन सक्दो सहयोग गर्ने आश्वासन व्यक्त गर्नु भएको थियो । उहाँले सहकारी क्षेत्रको विकासका लागि बैंकको भूमिका थप प्रभावकारी बनाउन मन्त्रालयको तर्फबाट समन्वय गर्ने प्रतिवद्धता गर्नु भएको छ ।

# सहकारी सन्दर्भ



**महेश्वर प्रसाद श्रेष्ठ**
**अध्यक्ष,**
**लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि, बुटवल**

९४ औं अन्तर्राष्ट्रिय सहकारी दिवस जुलाई महिनाको पहिलो शनिबार "अन्तर्राष्ट्रिय सहकारी दिवस" हो । यो बर्षको अन्तर्राष्ट्रिय सहकारी दिवस जुलाई २ गते अर्थात असारको १८ गते शनिवारका दिन परेको हुंदा विभिन्न कार्यकमहरु गरी यो दिवस मनाईयो । हामीले पनि "Art of Home Management" "गृह ब्यवस्थापन कला" को प्रशिक्षण तालिमको आयोजना गरी मनायौं ।

संयुक्त राष्ट्र संघले सन् २०१५ को सेप्टेम्बरमा सवै राष्ट्रहरुको दिगो विकास र मानव कल्याणका लागि १७ बुंदे कार्यक्रम पारित गरि सन् २०३० सम्ममा यी लक्ष्यहरु पुरा गर्ने आव्हान गरेको छ । यी लक्ष्यहरु पुरा गर्न सरकार, नीजि क्षेत्र र सहकारी सबैलाई आव्हान गरिएको छ । यसै सर्न्दभमा अन्तर्राष्ट्रिय सहकारी महासंघ ICA ले पनि यी लक्ष्यहरु प्राप्तिका लागि सवै सहकारीहरु लाई कायकमहरु बनाई अगाडी बढ्न आव्हान गरेको छ । यी १७ बुंदे कार्यक्रम के हुन् ? यसलाई "दिगो विकासका लक्ष्यहरु" (SUSTAINABLE DEVELOPMENT GOALS) भनि नामाकरण गरिएको छ । यस वर्षको अन्तर्राष्ट्रिय सहकारी नारा: "Co-operatives The power to act for a sustainable future" सहकारी: "भावि दिगो विकाशका लागि कार्य गर्ने शक्ति" भनि दिइएको छ । विश्वको सवै सहकारीहरुले सहकारीको मूल्य मान्यता र सिद्धान्तहरुको अनुसरण गर्दै यी दिगो विकासका कार्यक्रमहरुलाई समर्थन जगाउनु पर्दछ । दिगो आर्थिक विकास, सामाजिक विकास र वातावरणको संरक्षण सन् २०३० सम्म (१५ वर्षमा) पुरा गर्न संयुक्त राष्ट्र संघले लिएका लक्ष्यहरु सवैका जानकारीका लागि निम्न बमोजिम उल्लेख गरिएको छ । Seventeen Sustainable Devlopment Goals (SDGs)

१) सर्वत्र गरिवीको अन्त्य ।
२) भुखमरीको अन्त्य, खाधान्नको सुनिश्चितता र पोषण युक्त खानामा सुधार र दिगो कृषि विकास ।
३) स्वास्थ्य जीवनको सुनिश्चितता, सवै र सवै उमेरका मानिसहरुका लागि काम गर्ने ।
४) गुणस्तरीय शिक्षामा सवैको बरावर पहूंच र जीवन भर अध्ययन गर्ने अवसर सवैका लागि पुऱ्याउने ।
५) लैङ्गिक समानता र महिला तथा बालिकाहरुलाई सशक्तिकरण गराउने ।
६) पानी र शौचालयको पर्याप्तता र दिगो व्यवस्थाको सुनिश्चितता ।
७) सवैको कयशक्ति भित्रको, विश्वासिलो, दिगो र आधुनिक उर्जा शक्तिमा पहुंचको सुनिश्चितता ।
८) सवैका लागि दिगो आर्थिक विकास, पूर्ण र उत्पादन मूलक रोजगारीमा पहूँच र राम्रो काम (नोकरी) ।
९) सशक्त पूर्वाधारको निर्माण, समावेशी र दिगो औधोगिक विकास गर्ने र नयाँ प्रविधिको खोजी गर्ने ।
१०) राष्ट्रमा र राष्ट्रहरुमा असमानताको न्यूनिकरण ।
११) शहर र मानव वस्तिहरुलाई सुरक्षित, सशक्त र दिगो बनाउने ।
१२) उपभोग र उत्पादनको दिगो ढाँचाको सुनिश्चितता ।
१३) मौसम परिवर्तन र त्यस्को प्रभाव संग जुध्न तुरुन्त कृयशिल हुन सक्ने क्षमताको विकास गर्ने ।
१४) महासागर, समुन्द्र र जल स्रोतको संरक्षण र दिगो उपयोग गर्ने ।
१५) भूभागीय परिस्थिति, दिगो वनजङ्गलको व्यवस्थापकिय प्रणाली, मरुभूमीहुनबाट रोक र भूमीको उर्वरा शक्ति कायम गर्ने र विभिन्न जीवहरुको ह्रास हुनबाट रोक्ने ।
१६) शान्त र समावेसी समाजको स्थापना, दिगो विकास, न्यायमा सवैको पहुँच र प्रभावकारी,सहज र सवै वर्गहरुको पहुँच हुन संस्थाहरुको विकास गर्ने ।
१७) कार्य प्रणाली लाई दरो बनाउने र विश्व साझेदारीलाई अझ दरो बनाई दिगो विकास गर्ने ।

विश्व शान्ति, विकास, सुख र सुन्दर भविष्यको निर्माणको लागि हामी सवै एकजुट भई लाग्नु पर्ने बेला आईसकेको छ ।

जय सहकारी !

## सहकारी क्षेत्रको उत्कृष्ट करदाताका...

सहकारी बैंक गत वर्ष पनि सहकारी क्षेत्रको उत्कृष्ट आयकर तिर्ने संस्थाका रुपमा सम्मानित भएको थियो ।

बैंकले आर्थिक वर्ष २०७२/०७३ मा सरकारलाई मुनाफा कर ३ करोड ६० लाख सहित अन्य कर १० करोड भन्दा बढी आयकर दाखिला गरेको थियो ।

देशभरका करिब ९ हजार सहकारी संघ संस्था सदस्य रहेको बैंकमा ७८ करोड शेयर पूँजि, ११ अर्ब बचत, ७ अर्ब लगानी रहेको छ ।

३७ वटा शाखा मार्फत देशभरका सहकारी संघ संस्थाहरुको वित्तीय तथा संस्थागत सुशासनका लागि काम गर्दै आइरहेको बैंकले उत्पादन, उर्जा र कृषि क्षेत्रमा लगानी वृद्धि गर्दै अगाडि बढ्ने लक्ष्यका साथ अगाडि बढेको छ ।

## गोंगबुमा लघुकर्जा व्यवस्थापन तालिम

काठमाडौं

राष्ट्रिय सहकारी बैंक लिमिटेडको शाखा कार्यालय गोंगबुको आयोजनामा असोज ८ गते एकदिने लघुकर्जा व्यवस्थापन



तालिम संम्पन्न भयो । बैंकमा आबद्ध भएका टोखा, गोंबगु क्षेत्रका १६ वटा सहकारीका ३० जना प्रतिनिधिहरुको सहभागिता रहेको तालिममा लघुकर्जाको उद्देश्य, महत्व, मापदण्ड, लघुकर्जाको उपयोगिता, लघुकर्जामा निहित जोखिम, विश्लेषण, लघुकर्जा सुरक्षणको लागि लिइने कागजातका महत्व तथा अशुली लगायतका विषयमा जानकारी गराइएको थियो ।

तालिमको शुरुवात गर्दै बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेलले लघुकर्जाको माध्यमवाट बैंकले सहकारीमा आबद्ध समुदायको जीवनस्तर उकास्न कार्य गरिरहेको बताउनु भयो ।

तालिममा बैंकका प्रबन्धक तथा तालिम बिभाग प्रमुख नवराज उपाध्याय, सहायक प्रबन्धक प्रमोद कुमार घिमिरेले सहजीकरण गर्नु भएको थियो ।

## इटहरीमा सहकारी ऐन सम्बन्धी छलफल

इटहरी,

राष्ट्रिय सहकारी संघका अध्यक्ष केशव वडाल र राष्ट्रिय सहकारी बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेलको उपस्थितिमा प्रस्तावित सहकारी ऐन एवं सहकारी बैंक सम्वन्धमा सुनसरी जिल्लाका विभिन्न सहकारी संघ सस्थाका प्रतिनिधिहरुसंग छलफल कार्यक्रम भदौ १२ गते सम्पन्न भयो । कार्यक्रममा ऐन सम्बन्धी गतिविधिका बारेमा बडालले जानकारी गराउनु भएको थियो । उहाँले सहकारी लाई प्रवर्द्धन गर्ने गरि ऐन ल्याउनु पर्नेमा जोड दिनु भएको थियो ।

कार्यक्रम राष्ट्रिय सहकारी बैंक लिमिटेडको शाखा कार्यालय इटहरीका संयोजक सोम बहादुर श्रेष्ठको अध्यक्षतमा सम्पन्न भएको थियो ।



## नयाँ कर्मचारीलाई सेवा प्रवेश तालिम



कुपण्डोल

राष्ट्रिय सहकारी बैंक लिमिटेडले आफ्ना सहायक तह देखि सहायक अधिकृत सम्मका १७ जना नयाँ कर्मचारीहरुको क्षमता अभिवृद्धि तथा बैंकको कार्य सम्पादनमा सक्षम बनाउनको लागि संचालित एक हप्ते सेवा प्रवेश तालिम साउन २७ गते सम्पन्न भयो ।

सो अवसरमा बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेल लेखा समितिका संयोजक कुलचन्द्र अधिकारी तथा संचालक ज्ञान बहादुर तामांग लगायतले तालिमको महत्वका बारेमा मन्तव्य राख्नु भएको थियो ।

## सहकारी बैंकको सदस्य सेवा वृद्धि

काठमाडौ

राष्ट्रिय सहकारी बैंक लिमिटेड र वेस्ट रेमिट बीच सुपर एजेन्ट सम्झौता सम्पन्न भएको छ । यस सम्झौतासँगै अब बेष्ट रेमिटमार्फत विश्वका विभिन्न मुलुकबाट आएको रेमिट्यान्स रकम सहकारी बैंकका ३७ वटा शाखा कार्यालयवाट भुक्तानी लिन सकिने छ तथा सहकारी बैंकको नजिकको शाखा कार्यालय मार्फत बैंकमा आबद्ध सदस्य सहकारी संघ/संस्थाहरूले वेस्ट रेमिट सेवा संचालनका लागि निवेदन दिन समेत सक्नेछन, असोज १० गते एक कार्यक्रमकाबीच सम्झौता पत्रमा सहकारी बैंकको तर्फबाट प्रवन्ध संचालक के.बी. उप्रेती र बेष्ट रेमिटको तर्फबाट अध्यक्ष अनिल गुरुङले हस्ताक्षर गर्नुभयो ।



# महोत्तरीमा कर्जा व्यवस्थापन तालिम

*महोत्तरी,*

राष्ट्रिय सहकारी बैंक लिमिटेड केन्द्रियकार्यालय कुपण्डोल र जिल्ला सहकारी संघ महोत्तरीको आयोजनामा महोत्तरी जिल्लाका



सहकारी संस्थाका प्रतिनिधिहरुका लागि आयोजित ३ दिने कर्जा व्यवस्थापन तालिम कात्तिक ११ गते सम्पन्न भयो ।

तालिममा सहकारी बैंक तथा जिल्ला सहकारी संघ महोत्तरीमा आवद्ध विभिन्न प्रकृतिका सहकारी संस्थाहरुका ४२ जना सहकारीकर्मीहरुको सहभागीता रहेको थियो ।

तालिममा बैंकका प्रबन्धक नवराज उपाध्यय र सहायक प्रबन्धक प्रमोद घिमिरेले ऋण तथा लघुकर्जा व्यवस्थापन, कर्जा लगानी प्रक्रिया, उद्देश्य, महत्व, मापदण्ड, कार्यक्षेत्र विस्तार, समुह गठन, ऋण सदुपयोगिता, अनुशासन, भाका नाघेको कर्जा व्यवस्थापन, कर्जा असुली र निक्रिय कर्जा व्यवस्थापन लगायतका बारेमा सहभागीहरुलाई प्रशिक्षण दिनु भएको थियो ।

जिल्ला सहकारी संघ महोत्तरीका अध्यक्ष लक्ष्मण यादवले तालिमले सहकारीलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने बताउनु भएको थियो ।

# बागलुङमा बैंकको सेवा सम्बन्धी अन्तरक्रिया

*बागलुङ,*

बागलुङका सहकारीकर्मीहरुले गरिवी निवारणका लागि राज्यले विनियोजन गरेको बजेट सहकारी मार्फत परिचालन गर्नु पर्नेमा बागलुङका सहकारीकर्मीहकरुले जोड दिएका छन् ।

राष्ट्रिय सहकारी बैक शाखा कार्यालय बागलुङले साउन २४ गते आयोजना गरेको राष्ट्रिय सहकारी बैंक लिमिटेड र सहकारी संघ संस्थाहरुबीचको अन्तरक्रिया कार्यक्रमका सहभागीहरुले यस्तो बताएका हुन ।

सहकारीहरुको एक मात्र बैंकका रुपमा रहेको राष्ट्रिय सहकारी बैंक मार्फत देशभरका सहकारीहकरुलाई परिचालन गर्न सकेमा गरिवी निवारणको रकम सही सदुपयोग हुने उनीहरुको भनाइ थियो ।

सहकारी गरिवी निवारणको महत्वपूर्ण पाटोका रुपमा स्थापित हुदै गए पनि राज्यले विनियोजन गरेको बजेट सहकारीलाई नदिई अन्य क्षेत्रमार्फत परिचालन गरिएको भन्दै सहकारीकर्मीहरुले राज्यले सहकारी बैंक मार्फत बजेट परिचालन गर्न माग गरेका हुन् । गरिवी निवारणका नाममा विभिन्न क्षेत्रमार्फत परिचालनको प्रक्रियालाई एकीकृत गरी सहकारी तथा गरिवी निवारण मन्त्रालयमार्फत सहकारी बैंकलाई अगाडि बढाउनु पर्ने वक्ताहरुको भनाइ थियो ।

कार्यक्रममा बोल्दै राष्ट्रिय सहकारी बैंकका प्रवन्ध सञ्चालक के.बी.उप्रेतीले सहकारी मार्फत दीगो आर्थिक विकासका लागि राज्य, सहकारी र नीजि क्षेत्रका बीच समन्वय आवश्यक रहेको बताउनु भयो । सहकारी बैंकको अवस्थाका बारेमा जानकारी गराउदै उहाले देशभर सञ्जाल भएको, ७५ करोड शेयर, १२ अर्ब निक्षेप र ७ अर्ब लगानी रहेको बैंकले राज्यको योजनालाई सहयोग गर्न तत्पर हुनु पर्नेमा जोड दिनु भयो ।

कार्यक्रममा डिभिजन सहकारी कार्यालय बागलुङ प्रमुख विष्णुप्रसाद शर्मा, नेपाल सूचना तथा सञ्चार केन्द्रीय सहकारी संघका उपाध्यक्ष मना केसी, बैंक समन्वय उपसमितिका पूर्व संयोजक कृष्णशंकर श्रेष्ठ, वचत तथा ऋण सहकारी संघका अध्यक्ष चण्डीप्रसाद शर्मा, पर्वतका सहकारीकर्मी लालबहादुर अधिकारी लगायतले बोल्नु भएको थियो ।




जिल्ला सहकारी संघका अध्यक्ष दिपक गौतमको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत तथा कार्यक्रमको उदेश्यका बारेमा बैंकका सञ्चालक रामबहादुर जिसी र सञ्चालन शाखा प्रमुख सुरेश खनालले गर्नु भएको थियो ।

# बीरगञ्जमा लेखापरीक्षण सम्बन्धी अन्तरक्रिया

*बीरगंज,*
राष्ट्रिय सहकारी बैंक लिमिटेडको शाखा कार्यालय बीरगंजको आयोजनामा राष्ट्रिय सहकारी बैंक र सहकारी संघ/संस्थाका लेखा परिक्षण गर्ने लेखापरिक्षकहरु विच अन्तरक्रिया कार्यक्रम भदौ १५ गते सम्पन्न भयो ।

सहकारी संघ/संस्थाहरुको लेखा परिक्षण प्रतिवेदनमा देखा परेको त्रुटी, कमिकमजोरी, विकृति, लेखापरिक्षकको भुमिका, सहकारी संघ संस्थाहरुको लेखा परिक्षण गर्दा अपनाउनुपर्ने सहकारी ऐन, नियम, मापदण्ड तथा सहकारी संघ/संस्थाको विनियम, नियमावली, कार्यविधिहरु लगायत अन्य विविध विषयहरुमा छलफल भएको थियो ।

कार्यक्रममा पर्सा जिल्लाका सहकारी संघ/संस्थाहरुको लेखा परिक्षण गर्ने करिव १० जना लेखा परिक्षकहरुको उपस्थिति



रहेको थियो भने कार्यक्रमको सहजीकरण राष्ट्रिय सहकारी बैंक विरगंज शाखाका प्रमुख युवराज त्रिपाठीले गर्नुभएको थियो ।

# बेनीमा सहकारी बैंकको शाखा खोल्ने तयारी
## समन्वय उपसमिति गठन

*म्याग्दी,*
म्याग्दीको बेनीमा राष्ट्रिय सहकारी बैङ्को शाखा स्थापनागर्ने विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । बैङ्को बागलुङ शाखाको आयोजनामा म्याग्दी र उत्तरी पर्वतमा रहेका सहकारी संस्थाहरुका प्रतिनिधिहरुसंग अन्तरक्रिया गरिएको हो । सो कार्यक्रममा



सहभागिहरुले बेनीमा सहकारी बैङ्को शाखा स्थापना गर्ने निर्णय गरेका छन् ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैङ्का प्रबन्ध सञ्चालक के.वी. उप्रेतीले सहकारीको विकास र प्रर्वद्धनका लागि शाखा खोल्न आवश्यक रहेको बताउनुभयो । बैङ्का सञ्चालक रामबहादुर जिसीले कार्यक्रमको उद्देश्य र धौलागिरीमा सहकारीको अवस्थाका विषयमा जानकारी गराउनु भएको थियो ।

कार्यक्रममा नेपाल सूचना तथा सञ्चार केन्द्रीय सहकारी संघका अध्यक्ष बिष्णुहरि ढकाल, बहुउद्देश्यीय सहकारी संघ बागलुङका अध्यक्ष अञ्जु जिसी, बचत तथा ऋण सहकारी संघ म्याग्दीका अध्यक्ष अमृता भण्डारी, जिल्ला सहकारी संघ म्याग्दीका पुर्व अध्यक्ष सुर्दशन श्रेष्ठ, मल्लाज बहुउद्देश्यीय सहकारी संस्था पर्वतका अध्यक्ष लाल बहादुर अधिकारी, दिदीबहिनी साकोसका अध्यक्ष जमुना आचार्य लगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

जिल्ला सहकारी संघ म्याग्दीका अध्यक्ष प्रेमबहादुर कार्की (दिपक बिखर्ची)को अध्यक्षता र राष्ट्रिय सहकारी बैङ्क बागलुङ शाखाका प्रबन्धक सुरेश खनालको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

४० भन्दा बढी सहकारीका प्रतिनिधिहरुको सहभागिता रहेको भेलाले शाखा खोल्नका लागि सदस्य विस्तार गर्न जिल्ला सहकारी संघका अध्यक्ष प्रेमबहादुर कार्की (दिपक बिखर्ची) को संयोजकत्वमा ११ सदस्यीय समन्वय उपसमिति गठन भएको छ । समन्वय उपसमितिका सदस्यहरुमा अमृता भण्डारी, सुदर्शन कुमार श्रेष्ठ, रमेश गिरी, थम बहादुर गर्वुजा, लिला बहादुर बानिया, विजय कुमार श्रेष्ठ, लाल बहादुर अधिकारी, जमुना आचार्य, शेर बहादुर केसी र याम बहादुर खड्का रहनु भएको छ ।

उपसमितिले बैंकको सदस्य विस्तार लगायत बैंकको शाखा स्थापनाका लागि पहल कदमी गर्ने सदस्य लाल बहादुर अधिकारीले जानकारी दिनुभयो ।

# अन्तर्राष्ट्रिय कार्यक्रममा बैंकको सहभागिता

## अन्तर्राष्ट्रिय सहकारी महासंघ

अन्तर्राष्ट्रिय सहकारी महासंघको २०१६ अक्टोबर १० देखि १३ सम्म क्यानडामा सम्पन्न महासभामा राष्ट्रिय सहकारी बैंक लिमिटेडको तर्फबाट संचालक सरिता भट्टराईले सहभागिता जनाउनु भयो ।

कार्यक्रममा नेपालवाट राष्ट्रिय सहकारी संघका अध्यक्ष केशवप्रसाद बडाल लगायतका संचालकहरु र बिभिन्न जिल्ला सहकारी संघ तथा प्रारम्भिक सहकारी संस्थाका प्रतिनिधिहरुको सहभागिता रहनेछ ।

## ACCU FORUM

ASSOCIATION OF ASIN CONFEDRATION OF CERDIT UNIONS ACCU को २०१६ सेप्टेम्बर ५ देखि ११ सम्म कोरियामा भएको CEO workshop, HRD Workshop, Asian Credit Union Forum And AGM मा सहकारी बैंकका प्रबन्ध संचालक के. वी.उप्रेती संचालक रामहरि बजगाईं, संचालक ज्ञान बहादुर तामाङ्गको सहभागिता रहेको थियो । बैंकको संयोजनमा बैंकका सदस्य सहकारी संघ संस्थाहरू प्रतिनिधिहरु सहित १९ जनाको सहभागिता रहेको थियो ।

## APRACA CENTRAB- China

ICA/AC FSMC / Japan Finance Corporation in partnership with APRACA CENTRAB को आयोजनामा २०१६ अक्टुम्बर ३१ देखि नोभेम्बर ४ सम्म Chengdu, China मा ICA/ACFSMC ले आयोजना गरेको "Upgrading Cooperative Services बलम Business by E-commerce", कार्यक्रममा बैंकका प्रबन्ध संचालक के.बी. उप्रेतीको सहभागिता रहेको थियो ।

## APRACA CENTRAB- Japan

Japan Finance Corporation in partnership with APRACA CENTRAB ले २०१६ नोभेम्बर ७ देखि १२ गतेसम्म Tokyo and Kanazawa, Japan मा आयोजना गरेको International Exposure Visit Program on Agricultural Finance and Credit Business Cooperatives मा बैंकका लेखा समिति संयोजक कुलचन्द्र अधिकारीले सहभागिता जनाउनु भयो ।

## CULROC

Association या Asian Confederation या Credit Unions - ACCU को संयोजन तथा Credit Union League या the Republic या China (CULROC) को आयोजनामा २०१६ नोभेम्बर ५ देखि ११ गतेसम्म ताइवानमा भएको CULROC Exposure Program 2016, "The Authentic Difference" Exposure Program मा राष्ट्रिय सहकारी बैंक लिमिटेडका तर्फबाट अध्यक्ष रमेशप्रसाद पोखरेल र संचालक राम बहादुर जि.सी. ले सहभागिता जनाउनु भएको थियो ।

## Malaysia

Cooperative College of Malaysia को आयोजनामा नोभेम्बर १० देखि ११ गतेसम्म भएको International Seminar 2016, "International Seminar 2016 Co-operative: Empowering Communities Towards Socio Economic Sustainability" मा राष्ट्रिय सहकारी बैंक लिमिटेडका तर्फबाट प्रबन्ध संचालक के.बी. उप्रेती, बैंकका कर्मचारी सीता भट्टराइको सहभागिता रहेको थियो ।

## ICA-AP

Albums 12th ICA-AP Regional Assembly मा बैंकको सहभागिता 12 th International Co-operative Alliance Asia And Pacific (ICA-AP) र 9th Co-operative Forum को आयोजनामा नोभेम्बर १५ देखि १९ गतेसम्म भारतको नयाँ दिल्लीमा आयोजित "Co-operatives for a Sustainable Future" कार्यक्रममा बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेलको सहभागिता रह्यो ।

## ACFSMC

ICA-AP / All China Federation of Supply and Marketing Cooperatives (ACFSMC) को संयुक्त आयोजनामा २०१६ जुलाई २६ देखि ३० सम्म चीनको डालीमा आयोजना भएको कृषिको लागि सहकारी वित्त नामक कार्यशालामा राष्ट्रिय सहकारी बैंकको तर्फवाट बैंकका संचालक हरिहर नाथ योगी सहभागि हुनुभयो ।

कार्यशालामा सहकारी वित्तको जानकारी, सहकारी वित्तको योगदान, कृषिमा सहकारी वित्त प्रणाली, वित्त सहकारीको संचालन तथा व्यवस्थापन, अनुभव आदानप्रदान, विश्वमा वित्त सहकारीहरुको अवस्था, संसारभरका वित्त सहकारीले संचालन गर्ने समान कार्यहरु लगायतका सहकारी वित्त सम्बन्धित विषयहरुमा छलफल भएको थियो ।

## CICTAB

Central For International Cooperation and Training in Agricultural Banking (CICTAB) ले २०१६ जुलाई २० देखि २४ गतेसम्म अनुराधापुरा श्रीलंकामा आयोजना गरेको सहकारी तथा ग्रामिण वित्तीय संस्थाका संचालकलाई सहकारी सुशासन बिषयक अन्तर्राष्ट्रिय कार्यक्रममा राष्ट्रिय सहकारी बैंक लिमिटेडको तर्फवाट लेखा समिति सदस्य लक्ष्मी प्रसाद उप्रेतीले सहभागिता जनाउनु भएको थियो ।

मूलत: सहकारी तथा ग्रामिण वित्तीय संस्थामा सुशासन मार्फत सदस्यहरुको हित संरक्षण, नीति पालना, चुनाव, लगायतका विविध शुसासनका बिषयमा सहभागीलाई जानकारी गराईयो साथै CICTAB द्वारा संचालित विभिन्न विषयका तालिममा सदस्य संघ/संस्थाका प्रतिनिधिहरुलाई सहभागिता लागि पठाउने गरिएको छ ।

## APRACA / B-A-LAMP

Asia-Pacific Rural and Agricultural Credit Association (APRACA) / BASIX Academy for Livelihoods and Micro-enterprise Promotion (B-A-LAMP) को संयुक्त आयोजनामा २०१६ जुलाई १९ देखि २१ सम्म भारतको हैदरावादमा आयोजना भएको अन्तर्राष्ट्रिय तालिम तथा शैक्षिक भ्रमणमा राष्ट्रिय सहकारी बैंक लिमिटेडका तर्फवाट बैंकका प्रबन्धक सरोज जोशी सहभागी हुनुभयो । ग्रामिण तथा कृषि वित्तीय संस्थाको लागि खोज तथा प्रविधिको क्षेत्रमा वर्तमान समयमा भएका कार्यहरु, यसको भूमिका, संस्थाको संलग्नता लगायतका बिषयहरु तालिमका मुख्य विषय रहेका थिए ।

# "Exposure Visit to Nepal 2016"




*धुलिखेल,*

राष्ट्रिय सहकारी बैंक लिमिटेड र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कुन) को संयुक्त आयोजना एवं व्यवस्थापनमा एशियाली ऋण महासंघका बिभिन्न सदस्य संघहरु मार्फत नेपालमा आउनु भएका उच्च अधिकारीहरु Exposure Visit Program, 2016 सम्पन्न भएको छ ।

सो Exposure Visit मा फिलिपिन्स, थाइल्याण्ड, म्यानमार, बंगलादेश र श्रीलंका गरी १० जना सहभागी रहनुभएको थियो । भम्रण टोलीमा बंगलादेशका ४ जना, म्यानमारका २ जना, फिलिपियन्सका २ जान, थाइल्याण्डका १ जना र श्रीलंकाका एक जना रहनु भएको थियो । मंसिर ६ देखि १० गते सम्म भएको Exposure Visit Program, 2016 मा अवलोकन भम्रण टोलीले विशेष गरी नेपालमा साकोस एकरुपता प्रणाली अन्तर्गत अगाडी सारिएको नीति, विधि र प्रविधिका विषयमा अध्ययन गर्नुका साथै एक्सेस ब्राण्ड प्राप्त साकोसहरुको सिकाई समेत अवलोकन गरेको थियो ।

एशियाली ऋण महासंघका विभिन्न सदस्य संघहरु मार्फत नेपालमा आउनु भएका उच्च अधिकारीहरुले राष्ट्रिय सहकारी बैंक, सहकारी विभाग र नेफ्स्कुनको कार्यालय अवलोकन गर्नु भएको थियो ।

भम्रणमा आउनु भएका उच्च अधिकारीहरुले ललितपुरको स्कोप साकोस, भक्तपुरको शुभकामना साकोस, काभ्रेको बुडोल सामुदायिक साकोस, सामुदायिक साकोस, विन्दवासिनी साकोस गरी ५ वटा ACCESS BRANDED सहकारी संस्था भ्रमण गर्नुभयो । साथै नेपालमा सहकारीको विकास लगायत सहकारीबाट आम मानिसमा पुगेको सेवाको विषयमा छलफल भएको थियो । सो टोलीले वसन्तपुर दरवार स्क्वायर तथा भक्तपुर दरवार स्क्वायर जस्ता ऐतिहासिक स्थलको भ्रमण गरेको थियो ।

बैंकका प्रबन्ध संचालक, नेफ्स्कुनका अध्यक्ष, सीइओको उपस्थितिमा धुलिखेलको मिरावल रिसोर्टमा सहभागीहरुको प्रतिक्रिया लिँदै कार्यक्रम सम्पन्न भएको थियो ।

## आइसीए एपीको सञ्चालक...

उहाँले नपालको सहकारी अभियान प्रभावकारी बन्दै गएको र अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गरी अन्य देशहरुमा प्रयोग गरिएका प्रविधि र सफलतालाई नेपालमा उपयोगमा ल्याउन सहयोग पुग्ने

बताउनु भएको छ । आईसीए एपिको सभाले अध्यक्षमा चीनका लि चुनसेन, उपाध्यक्षमा भारतका चन्द्र पाल सिंह यादव र जापानका चितोइ एराई तथा सञ्चालकहरुमा इरानका अलिरेजा घारागोलउ, कोरियाका वाइयोङ ओन किम, मलेसियाका डाटो अब्दुल फताह ही अब्दुल्लाह, फिलिपिन्सका अडोल्फो इवानेज, इण्डोनेशियाका ए.एम. नुरदिन हालिद, सिंगापुरका केवेक कोक कोङ र श्रीलंकाका डब्लु ललित ए पेइरिसलाई चयन गरेको छ ।




*बैंकको १४ औं स्थापना दिवसमा आयोजित कार्यक्रममा प्रमुख अतिथि लगाएत अतिथिहरू ।*

# इटहरीमा बैंक र सदस्य संघ/संस्था बीच अन्तरक्रिया

*ईटहरी,*

राष्ट्रिय सहकारी बैंक लिमिटेडको शाखा कार्यालय इटहरीको आयोजनामा मंसिर ११ गते शनिबार नेपा : भवनमा त्यस क्षेत्रका सहकारी संघ/संस्थाहरु बीच अन्तक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

इटहरीका शाखाका संयोजक सोमबहादुर श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राष्ट्रिय सहकारी बैंक लिमिटेडका अध्यक्ष रमेश प्रसाद पोखरेल, प्रबन्ध सञ्चालक के.बी. उप्रेती, बैंकका सञ्चालक ज्ञानबहादुर तामाङ्ग, लेखा समितिका सदस्य लक्ष्मी प्रसाद उप्रेती, नेफ्सकुनका केन्द्रीय उपाध्यक्ष अमृता सुब्बा, जिल्ला सहकारी संघ लिमिटेड सुनसरीका कार्य वाहक अध्यक्ष दामोदर कोइराला, संघका सचिव एवं धरान शाखाका संयोजक नरेश कुमार इवारम, बचत तथा ऋण सहकारी संघ लिमिटेड सुनसरीका अध्यक्ष रुद्र उप्रेती लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो ।

मुलुकको सहकारी अभियानलाई विकास र प्रवर्द्धन गर्दै आर्थिक समृद्धि तर्फ अग्रसर गराउन देशभर संजाल सहित मुलुकको सहकारी क्षेत्रको एकमात्र बैंकको




रुपमा रहेको यस बैंकले सदस्यहरुलाई प्रवाह गर्ने सेवाहरु र आपसी सम्बन्ध सुदृढ बनाउने बिषयमा इटहरी क्षेत्रका सहकारी संघ/संस्थाहरुका प्रतिनिधिसंग अन्तरक्रिया कार्यक्रम गरिएको थियो । सहभागीहरुले कुनै सहकारीमा तरलता बढी रहेको अवस्था छ भने कुनै सहकारीहरुमा रकमको अभावमा लगानी गर्न नपाएको अवस्था रहेको बताए । सहभागिहरुले बैंकको सेवालाई सहज र प्रभावकारी बनाउन निरन्तर छलफल अन्तरक्रिया गर्नुपर्नेमा जोड दिएका थिए । अन्त्यमा मंसिर १८ गते हुन लागेको १३ औं वार्षिक साधरण सभाको समेत जानकारी गराउँदै आ.व. ०७२/७३ को प्रस्तावित वार्षिक प्रतिवेदन कार्यक्रममा वितरण गरिएको थियो ।

# रेमिट सम्बन्धी अभिमुखीकरण कार्यक्रम



*काठमाडौं,*

राष्ट्रिय सहकारी बैंक लिमिटेडले बैंकका सदस्य सहकारी संस्थाहरुलाई वित्तीय सेवा उपलब्ध गराउनुको अतिरिक्त सदस्य सहकारी संस्थाहरुको आयआर्जन थप गर्ने उदेश्यले अन्य सेवाहरु पनि उपलब्ध गराउदै आईरहेको छ । यसै बीच IME रेमिट्यान्स सेवाको मुख्यप्रतिनिधिको रुपमा राष्ट्रिय सहकारी बैंक लिमिटेड नियुक्त भए पश्चात चौथो चरणमा देशभरका १६ वटा थप सहकारी संस्थाहरुको IME रेमिट संचालनको सम्झौता सम्पन्न भएको छ । IME रेमिट संचालनवारे IME लिमिटेडले सहकारी संस्थाहरुलाई भदौ १३ गते १ दिने अभिमुखीकरण तालिम प्रदान गरेको थियो । साथै हाल सम्म कुल २१७ वटा सहकारी संघ/संस्थाहरु बैंक मार्फत IME सेवा संचालनको प्रकृयामा रहेकाछन् ।

# अन्तर्राष्ट्रिय टोलीद्वारा बैंकको कर्पोरेट कार्यालयको अवलोकन

*ललितपुर,*

CICTAB, IFFCO, Bangladesh Bank Bangladesh तथा Indian Farmer Fertilizer Cooperative Limited India का उच्च अधिकारीहरुले राष्ट्रिय सहकारी बैंक लिमिटेडको कर्पोरेट कार्यालयको असोज १३ गते अवलोकन गर्नु भयो ।

बैंकको कर्पोरेट कार्यालयमा एक कार्यक्रमका बीच प्रबन्ध संचालक के. बी. उप्रेतीले उहाहरुलाई स्वागत गर्नु भएको थियो । अवलोकनमा आएको टोलीलाई बैंकको परिचय तथा कार्यका बारेमा जानकारी दिईएको थियो भने उहाहरुले सहकारी बैंकको सफलताको शुभकामना दिनु हुदै आ-आफ्नो सहकारी क्षेत्र र आफ्नो संस्थाहरुको कार्य बारे आ-आफ्नो अनुभव व्यक्त गर्नुभएको थियो ।



# सहकारीलाई प्रवर्द्धन गर्ने ऐन निर्माण गर्न माग

■ रविना बोहरा

*बागलुङ*

राष्ट्रिय सहकारी संघ लिमिटेडका वरिष्ठ उपाध्यक्ष मीनराज कंडेलले सरकारले जबरजस्ती ल्याउन खोजेको ऐन सहकारीमैत्री नभएकाले अभियानले उक्त ऐनलाई अपनत्व ग्रहण गर्न नसक्ने बताउनु भएको छ ।

राष्ट्रिय सहकारी बैंक बागलुङ शाखाले भदौ ११ गते बागलुङ बजारमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा बोल्दै कंडेलले यस्तो बताउनु भएको हो । सहकारी ऐन सहकारी क्षेत्रको प्रवर्द्धनका लागि आवश्यक रहेको तर सरकारले नियन्त्रण गर्ने तरिकाले सहकारी ऐन संसदमा पठाएको दावी गर्दै उहाँले अभियानको तर्फबाट ६४ वटा संशोधन संसदमा दर्ता गर्ने तयारी भएको जानकारी दिनु भएको छ ।

नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्रका सहकारी विभाग प्रमुखहरु, राष्ट्रिय सहकारी संघका अध्यक्ष र उपाध्यक्षका तर्फबाट विधेयकमाथि संशोधन राखेर सहकारी मैत्री ऐन निर्माणमा भूमिका खेल्ने तयारी भएको उहाले बताउनुभयो । उहाले सहकारी अभियानलाई वेवास्ता गरेर, सहकारीको प्रतिकुल ल्याइने ऐन मान्य नहुने चेतावनी संमेत दिनु भएको छ ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका अध्यक्ष रमेश पोखरेलले सहकारी ऐनलाई सहकारी क्षेत्रको अनुकुलमा हुन नदिन विभिन्न षडयन्त्रहरु भैरहेकोले त्यसलाई चिरेर अगाडि बढ्नका लागि सबै सहकारीकर्मीहरु एकतावद्ध भएर अगाडि बढ्नु पर्नेमा जोड दिनुभयो । पोखरेलले राष्ट्रिय सहकारी बैंक मुलुकका सहकारीहरुको वित्तिय तथा संस्थागत क्षमता विकासका लागि सक्रिय रहेको जानकारी दिनुभयो । उहाँले सहकारी संस्थाहरुको वित्तिय व्यवस्थापनदेखि सुशासन कायम गर्न, सहकारी शिक्षा तथा तालिमदेखि वैदेशिक सम्बन्ध विस्तार र सहकारी मार्फत हुने उत्पादन, प्रशोधन र बजारीकरणमा समेत सहकारी बैंकको सहयोग लिन सहकारी संघ संस्थाहरुलाई आग्रह गर्नु भयो ।



राष्ट्रिय सहकारी बैंकका सञ्चालक रामबहादुर जिसीले सहकारी अभियानलाई शसक्त बनाउनका लागि बैंकको भूमिका क्रमश वृद्धि हुदै गएको जानकारी गराउनुभयो । राष्ट्रिय सहकारी बैंक बागलुङ शाखाका निवर्तमान संयोजक कृष्णशंकर श्रेष्ठले सबै सहकारीहरुले सहकारी वैंक मार्फत कारोबार गर्न सकेमा मात्रै सहकारीको मर्म र भावना प्रतिविम्बित हुने धारणा राख्नु भएको थियो । जिल्ला सहकारी संघ बागलुङका अध्यक्ष दिपक गौतमले जिल्लाको सहकारीको अवस्था र राष्ट्रिय सहकारी बैंक बागलुङ शाखाका प्रमुख सुरेश खनालले शाखाको अवस्थाका बारेमा जानकारी गराउनु भएको थियो ।

# सहकारी बैंकको १३ औं साधारणसभा मंसिर १८ गते हुदै

*ललितपुर,*

देशभरका सहकारीहरुको एक मात्र बैंकका रुपमा रहेको राष्ट्रिय सहकारी बैंक लिमिटेडको १३ औं वार्षिक साधारणसभा ०७३ मंसिर १८ गते हुने भएको छ ।

२०७३ असोज १८ गते बसेको बैंक सञ्चालक समितिको वैठकले मंसिर १८ गते साधारणसभा काठमाडौंमा गर्ने निर्णय गरेको हो ।

देशभरका ८ हजार ५ सय सहकारी संघ संस्था सदस्य रहेको बैंकको साधारणसभाले गत वर्षको यथार्थ तथा चालु आर्थिक वर्षका लागि प्रस्तावित कार्यक्रम पारित गर्नुका साथै लांभाश वितरण लगायतका निर्णय गर्ने प्रवन्ध सञ्चालक के.बी. उप्रेतीले जानकारी दिनुभयो ।

# राष्ट्रिय सहकारी बैंक चौध...

कार्यशालाको उद्घाटनका क्रममा बोल्दै उहाँले यस्तो बताउनु भएको हो ।

समाजवाद उन्मुख अर्थतन्त्र सहकारीमार्फत नै संभव छ, त्यसका लागि सहकारी क्षेत्रको विकास, विस्तार र सवलीकरण आवश्यक छ, उहाँले भन्नुभयो । सहकारीहरु विपन्न वर्गका जनताको आयस्तर माथि उठाउन, राज्यलाई कर तिर्न सक्ने नागरिक बनाउन र उत्पादन तथा बजारीकरणतर्फ अग्रसर हुनु पर्नेमा जोड दिनु भयो । उहाँले सहकारीप्रति सर्वसाधारणको विश्वास बढ्दै गएको चर्चा गर्दै उहाँले राज्य, सहकारी र नीजि क्षेत्रबीच समन्वय गर्दै सवल अर्थतन्त्रका लागि जुट्नु पर्ने आजको आवश्यकता रहेको बताउनु भयो । अर्थमन्त्री पौडेलले सहकारी क्षेत्रको विकासका लागि सहकारी बैंकलाई सक्षम बनाउन सरकारले सहयोग गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नु भयो ।

सोही अवसरमा अर्थमन्त्री पौडेलले बैंकद्वारा प्रकाशित स्मारिका २०७३ को विमोचन समेत गर्नु भयो ।

कार्यक्रममा राष्ट्रिय सहकारी संघका अध्यक्ष केशव बडालले एक दुई वटा गलत काम गरेका सहकारीको उदाहरण दिएर सिंगो सहकारी क्षेत्रको अपमान गर्ने, सहकारीलाई कमजोर बनाउने काम नगर्न सरोकारवालाहरुलाई आग्रह गर्नु भयो ।

कार्यक्रममा सांसदहरु बालकृष्ण खाँड, पशुपति चौलागाई र ओमदेवी मल्ल जोशीले सहकारीमार्फत दीगो आर्थिक विकासका लागि सहकारीमैत्री नीति नियम बनाउने र त्यसको पूर्ण पालना गरेर अगाडि बढ्नु पर्नेमा जोड दिनु भएको थियो ।

कार्यक्रममा बैंकका सल्लाहकार प्रा.डा. विश्वम्भर प्याकुरेल, नेपाल राष्ट्र बैंक लघु वित्त विभागका कार्यकारी निर्देशक डा. विनोद आत्रेय, बैंकका सल्लाहकार धर्मदत्त देवकोटा, सहकारी विभागका रजिष्ट्रार उपेन्द्रबहादुर ढुंगानाले सहकारी बैंकले सहकारी संघ संस्था मार्फत देशको अर्थतन्त्र माथि उठाउन गरेको काम थप प्रकावकारी बनाउन राज्यको ध्यान पुग्नु पर्नेमा जोड दिनु भएको थियो ।

सो अवसरमा बैंकका प्रवन्धक सञ्चालक के.बी. उप्रेतीले बैंकको विगत, वर्तमान अवस्था र आगामी योजनाका बारेमा जानकारी गराउनु भएको थियो । कार्यक्रमको अध्यक्षता बैंकका अध्यक्ष रमेशप्रसाद पोखरेल, सञ्चालन बैंकका सञ्चालक रामबहादुर जिसी र स्वागत सञ्चालक रामहरि बजगाई र धन्यवाद मन्तव्य सञ्चालक ज्ञानबहादुर तामाङले गर्नु भएको थियो । बैंकका सञ्चालक सरिता भट्टराईले आगामी साधारणसभा सम्मान गरिने उत्कृष्ट सहकारी संघ संस्था, सहकारी क्षेत्रमा पुस्तक प्रकाशन गर्ने लेखक, संस्थापक सञ्चालक र पूर्व सञ्चालकहरुको नाम घोषणा गर्नु भएको थियो ।

**१३ औं वार्षिक साधारणसभामा सम्मान गर्ने गरी १४ औं स्थापना दिवसमा घोषणा गरिएका प्रदेश तथा विषयगत सहकारी संघ, संस्था सम्मानित हुने व्यक्तिहरुको नामावली**

| | | |
|---|---|---|
| १. शुभलाभ वचत तथा ऋण सहकारी संस्था लि. | इटहरी, सुनसरी, | प्रदेश नं १ |
| २. उद्यमशिल वचत तथा ऋण सहकारी संस्था लि. | गढिमाई, बारा | प्रदेश नं २ |
| ३. सामुदायिक वचत तथा ऋण सहकारी संस्था लि. | पनौति, काभ्रे | प्रदेश नं ३ |
| ४. व्यास वचत तथा ऋण सहकारी संस्था लि. | व्यास, तनहुँ | प्रदेश नं ४ |
| ५. सामूहिक विकास वचत तथा ऋण सहकारी संस्था लि. | तिलोत्तमा, रुपन्देही | प्रदेश नं ५ |
| ६. ग्रामीण जागरण वचत तथा ऋण सहकारी संस्था लि. | विरेन्द्रनगर, सुर्खेत | प्रदेश नं ६ |
| ७. संगम वचत तथा ऋण सहकारी संस्था लि. | धनगढी, कैलाली | प्रदेश नं ७ |
| ८. बालकुमारी वचत तथा ऋण सहकारी संस्था लि. | मध्यपुर ठिमी, भक्तपुर | उपत्यका |
| ९. महिला अभियान वचत तथा ऋण सहकारी संस्था लि. | बालकोट, भक्तपुर | महिला |
| १०. हाम्रो पहुँच वहुउद्देश्यीय सहकारी संस्था लि. | तुलसीपुर, दाङ | अन्य |

**यस्तै सम्मानित हुने व्यक्तिहरुमा**

| | |
|---|---|
| १. सि.बी. लामा, | संस्थापक सञ्चालक |
| २. राममान श्रेष्ठ, | पूर्व सञ्चालक |
| ३. सूर्यरत्न शाक्य | सहकारी विद्वता |

साथै सहकारी क्षेत्रका लेख रचना प्रकाशित गर्ने पत्रकारहरुलाई आ.व. २०७२/०७३ मा प्रकाशित, प्रशारित सामग्रीका आधारमा सम्मान गरिनेछ ।

# स्याङ्जामा बैंकको अन्तरक्रिया




स्याङ्जा,

सदस्य संघ संस्थाका प्रतिनिधिहरुलाई बैंकको सेवा सुविधाका बारेमा जानकारी गराउने उदेश्यका साथ राष्ट्रिय सहकारी बैंक वालिङ शाखाको आयोजनामा साउन २३ गते स्याङ्जामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा बैंकको वित्तीय लगायत सेवाका बारेमा जानकारी गराउदै बैंकका प्रवन्धक सञ्चालक के.बी. उप्रेतीले सहकारी संघ संस्थामा आउने वित्तिय तथा कानुनी समस्यालाई व्यवस्थापन गर्न बैक सदैव तयार रहेको बताउनु भएको थियो । बैंकका सञ्चालक रामबहादुर जिसीले सहकारी अभियानमा बैंकको भूमिकाका बारे र शाखा प्रमुख प्रकाश सापकोटाले शाखाको वित्तीय अवस्थाका बारेमा जानकारी गराउनु भएको थियो । सोही अवसरमा सहभागीहरुको भेलाले पूण्यप्रसाद अर्यालको संयोजकत्वमा बैक समन्वय उपसमिति वालिङ गठन गरेको थियो । साथै भेलामा स्याङ्जा शाखाबाट विदाई भएका शाखा प्रमुख प्रकाश सापकोटालाई विदाई र नयाँ शाखा प्रमुख सुदिप न्यौपाने लाई स्वागत गरिएको थियो ।



सहकारी तथा गरिबी निवारण मन्त्री हृदयराम थानीलाई स्वागत गर्ने क्रममा बैंकको टोली ।



श्रीलंका र भारतमा आयोजित कार्यक्रममा जाने लेखा सदस्य र प्रबन्धकलाई विदाई गरिदैं ।



चीनमा आयोजित कृषिका लागि सहकारी वित्त कार्यक्रममा जाने टोलीलाई विदाई गरिदैं ।

# अन्तर्राष्ट्रिय टोलीद्वारा सहकारी बैंकको अवलोकन

*ललितपुर,*

एशियाली ऋण महासंघ (अक्कु) मा आवद्ध सदस्य देशका सहकारीकर्मीहरुको एक टोलीले ०७३ मंसिर ७ गते राष्ट्रिय सहकारी बैंक लिमिटेडको अवलोकन गरेको छ । राष्ट्रिय सहकारी बैंक लिमिटेड र नेपाल बचत तथा ऋण सहकारी संघ लिमिटेडको संयुक्त आयोजना तथा व्यवस्थापनमा अक्कुमा आवद्ध विभिन्न सदस्य संघका प्रतितिधिहरुको एक टोलीले बैंकको अवलोकन गरेको हो ।

बंगलादेश, म्यानमार, फिलिपिन्स, थाइल्याण्ड र श्रीलंकाका गरी १० जनाको टोलीलाई बैंकका प्रवन्ध सञ्चालक के.बी. उप्रेतीले स्वागत गर्नु भएको थियो । अक्कुको पूर्ण सदस्य रहेको राष्ट्रिय सहकारी बैंकको समग्र अवस्थाका बारेमा जानकारी गराउदै प्रवन्ध सञ्चालक उप्रेतीले अन्य देशमा भएका उल्लेख्य कार्यहरुको अनुशरण गर्दै अगाडि बढ्न भ्रमण सहयोगी हुने धारणा राख्नु भएको थियो । राष्ट्रिय सहकारी बैंकले गरेका कार्यहरुले आफुहरुलाई उत्साहित बनाएको भन्दै भ्रमणटोलीका सदस्यहरुले यसको अनुशंरण गर्न आवश्यक रहेको बताएका थिए ।

मंसिर ६ गतेदेखि १० गतेसम्म हुन लागेको अध्ययन अवलोकन कार्यक्रममा सहभागी टोलीले नेपालमा वचत मंसिर ६ गतेदेखि १० गतेसम्म हुन लागेको अध्ययन अवलोकन कार्यक्रममा सहभागी टोलीले नेपालमा वचत तथा ऋण सहकारी एकरुपता प्रणाली अन्तरगत अगाडि सारिएको नीति, विधि र प्रविधिका विषयमा अध्ययन गर्नुका साथै एक्सेस ब्राण्ड प्राप्त सहकारीहरुको सिकाई समेत अवलोकन गरेको छ ।


## हार्दिक बधाई तथा शुभ-कामना



**केशब प्रसाद बडाल**

*राष्ट्रिय सहकारी बैंक लिमिटेडका सल्लाहकार तथा राष्ट्रिय सहकारी संघ लिमिटेडका अध्यक्ष माननीय केशब प्रसाद बडाल भारतमा सम्पन्न अन्तर्राष्ट्रिय सहकारी महासंघ एशिया प्रशान्त क्षेत्रको १२ औं साधारण सभाबाट संचालक पदमा निर्विरोध निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै कार्यकाल सफलताको **शुभ-कामना** व्यक्त गर्दछौं ।*

**राष्ट्रिय सहकारी बैंक लिमिटेड परिवार**
कुपण्डोल, ललितपुर


# राज्यको आर्थिक एजेण्डा: सहकारी



**कुलचन्द्र अधिकारी**
**संयोजक: लेखासमिति**
**राष्ट्रिय सहकारी बैंक लि.**

राष्ट्रिय सहकारी बैंक लिमिटेडको १३ औं वार्षिक साधारण सभाको उपलक्ष्यमा सम्पूर्ण संघ संस्थाका प्रतिनिधि ज्यूहरुमा हार्दिक स्वागत तथा अभिनन्दन गर्दै मंसिर महिनाको हलुक जाडोमा सहकारीकर्मीहरुको जमघटले उपत्यकाको भृकुटी मण्डपले सबैको ध्यान सहकारीकर्मीहरुको मेची देखि महाकाली तराई पहाड देखि हिमाली भेगसम्मका सम्पूर्ण सहकारी प्रतिनिधि ज्यूहरुको गरिमामय उपस्थिले काठमाडौं महानगरपालिका २०७३ साल मंसिर १७, १८ र १९ गते सहकारीमय रहने छ । एक दिने वार्षिक साधारणसभा भएपनि ३ दिनको लागि विषेश समय दिनुपर्ने भएकाले चौतर्फिबाट पाल्नु भएका सहकारीकर्मी पाहुनाहरुमा हार्दिक स्वागत तथा पूनःअभिनन्दन गर्न चाहान्छु ।

मैले मेरो बीचारले दुई शब्द कोर्छु सहकारीकर्मीका नाताले सहकारीतामा प्रस्तुत सहकारीका केहि शब्दहरु पेश गरेको छु ।

*लाखौ लाखको सहभागितामा सहकारी अभियान हुर्केको*
*संगठीत संस्था सहकारी ब्यानर विश्वव्यापी पुगेको*
*किसान मजदुर श्रमजिवी सबै वर्गहरुको चाहाना रहेको*
*गाँउवस्ती शहरबजार तराई पहाड दुर्गम सुगम सबै क्षेत्र ढाकेको*
*थोरै पूँजी दैनिक कारोवार आफ्नै संस्थाभित्र गरिएको*
*उत्पादन र उपभोक्ता बीचको खाडल सहकारी कारोवारले पुरेको*
*गुणस्तरीय सामाग्री गुणस्तरीय उत्पादन सहकारीद्वारा पुऱ्याएको*
*एक व्यक्ति, संस्थागत सदस्य भएर सहकारी सामूहिकतामा चलेको*
*सहकारी सरकार होइन जनताको शक्तिले चलेको*
*सरकारको पूँजी हामीलाई चाहिदैन व्यवस्थापन हामीले खोजेको*
*काम गर्छौं साना ठूला सबै खाले सहकारीको मूल्य र मान्यता बुझेको*
*राज्यशक्तिको आर्थिक एजेण्डा सहकारी अभियान हामी सबैको ।*




तेश्रो अन्तर्राष्ट्रिय सहकारी शिखर सम्मेलन २०१६ का क्रममा आइसिएका अध्यक्ष मोनीक एफ लेरोक्ससंग बैंकका सल्लाहकार र सञ्चालक लगायत नेपाली प्रतिनिधिहरु।



नेपालका सहकारीहरुको अवलोकनमा आएका अक्कुमा आबद्ध विभिन्न देशका सहकारी कर्मीहरुलाई बैंकमा स्वागत गरिदैं।




ताईवानमा आयोजित कुलरोक एक्सपोजर कार्यक्रममा बैंकको तर्फबाट सहभागिता जनाईदैं।




अक्कू फोरममा सहभागि बैंकका प्रबन्ध सञ्चालक, संचालक लगाएत नेपाली सहकारीकर्मीहरु



चीन र जापानको सहकारी कार्यक्रममा सहभागि हुन जाने टोलिलाई विदाई गरिदैं।



मलेसियामा आयोजित कार्यक्रममा बैंकका प्रबन्ध सञ्चालक कर्मचारी लगाएत।



आइसिए (एपि) को सभामा सहभागि हुन भारत जान लागेको टोलिलाई बैंकको तर्फबाट विदाई गरिदैं।

# सहकारी बैंकको सहयोगमा भेरी शीत गृहको क्षमता विस्तार हुदै

<u>कोहलपुर,</u>

शीत गृहको स्थापना पछि नेपालगञ्ज क्षेत्रका कृषकहरुलाई राहत भएको छ। उत्पादन गरेका अन्न, तरकारी लगायतका चीजहरु शित भण्डारमा राखेर बजारमा उपयुक्त मूल्य पाउने समयमा विक्री वितरण गर्ने देखि विउका लागि समेत सहज भएको कृषकहरु बताउँछन् ।




बाँकेको कोहलपुरमा स्थापना भएको भेरी शित भण्डार सहकारी संस्था लिमिटेडले सञ्चालन गरेको शित गृहबाट बाँके, बर्दिया, कैलाली, सुर्खेत, दैलेख, जाजरकोट, सल्यान, रोल्पा, दाङ, मुगु, कालिकोट, हुम्ला, जुम्ला, प्युठान, डोल्पा लगायतका जिल्लाका १० हजार भन्दा बढी कृषक लाभान्वित बनेका छन् ।

सहकारीको माध्यमबाट शित गृह निर्माण गरी नासवान कृषि उपज भण्डारण गरी सदस्य कृषकहरुलाई उचित मूल्य दिलाउने लक्ष्यका साथ २ दशक पहिला स्थापना भएको संस्थाले नियमित रुपमा कृषकहरुलाई सेवा दिदै आएको छ । शित भण्डारमा सो क्षेत्रका कृषकहरुले विउ आलु, फलफूल, स्याउ, अंगुर, अनार, मौसमी, सुन्तलाका साथै अण्डा तरकारीहरु भण्डारण गर्दै आएका छन् । त्यस्तै संस्थाले वार्षिक रुपमा करिब ६ हजार सिल्ली वरफ उत्पादन गरी प्रति सिल्ली २ सय २५ का दरले विक्री गर्दै आएको संस्थाका अध्यक्ष डोलराज अर्यालले जानकारी दिनुभयो ।



सहकारीले ५ करोड १३ लाख ६० हजारको लागतमा २ हजार ५ सय मेट्रिक टन क्षमताको शित गृह निर्माण गरेर सेवा दिइरहेको छ । उत्पादक कृषकहरुको संख्या दिन प्रति दिन बढी रहेकोले थप १ हजार ५ सय मेट्रिक टन क्षमताको नयाँ भवन निर्माण शुरु भएको छ ।

नयाँ भवन निर्माणका लागि राष्ट्रिय सहकारी बैंक लिमिटेडले ५० लाखको बैंक जमानत बसि दिएको र भवन निर्माणका क्रममा रकम अभाव भएपछि ५० लाख कर्जा उपलब्ध गराएको अध्यक्ष अर्याल बताउनु हुन्छ । सहकारी बैंक जमानत बसेपछि आरआईएसएमएफपिबाट अनुदान प्राप्त भएको संस्थाले जनाएको छ । ४ तले लिफ्ट सहितको शित भण्डार निर्माण कार्य अन्तिम चरणमा पुगेको अर्यालले जानकारी दिनुभयो ।

नयाँ भवनको कुल लागत ४ करोड ७४ लाख ८३ हजार ७ सय ९६ रुपैया रहेको छ। आरआईएसएमएफपिबाट २ करोड ४९ लाख २२ हजार ७४ रुपैया अनुदान र बाँकी २ करोड २५ लाख ६१ हजार ७ सय २२ रुपैया संस्थाले व्यवस्थापन गर्ने संस्थाले जनाएको छ । आगामी चैत भित्र नयाँ भवन सम्पन्न गर्ने गरी काम भैरहेको छ । भवन निर्माण पछि २० हजार भन्दा बढी कृषक लाभान्वित हुने जनाइएको छ ।

शित गृहबाट कृषि र फलफूलका क्षेत्रमा काम गर्ने कृषकहरु लाभान्वित भएको र यसको क्षमता विकासका लागि सहकारी बैंक सदैव तत्पर रहेको कोहलपुर शाखाका प्रमुख सुजन ददेलले बताउनुभयो ।